साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक ४ २०८३ साउन २६ गते मंगलबार *(Aug 11, 2026)* मूल्य रू. १०/-


## प्रधानमन्त्री बालेनको नीतिमा यू टर्न



अमेरिकी राष्ट्रपति ट्रम्पका विशेष दूत तथा भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरसँग इन्कार गरेका र नेपालस्थित राजदूतहरूसँग सामुहिक भेट गरेका प्रम बालेन साहले एकाएक नीतिमा परिवर्तन गरेको देखिएको छ ।

प्रम बालेन साहलाई भारत र चीनका राजदूतद्वय नवीन श्रीवास्तव र झाङ माओमिङसँग भेटवार्ता गर्न किन उत्सुकता जाग्यो भन्ने विषयमा विज्ञहरू भन्छन्- यो नीतिमा यू टर्न हो ।

४ महिना‍ा प्रम बालेन साहले भारतीय विदेश सचिव विक्रम मिश्रीले नेपाल भ्रमण गर्ने र प्रम बालेनसँग भेटवार्ता गर्न खोज्दा अस्वीकृत गरेर मिश्रीको भ्रमण नै रद्ध भएको थियो । प्रम बालेन भारत भ्रमणको तैयारीमा समेत रहेका छन् ।

## मधेशवादी एकता : मर्नुभन्दा बौलाउनु निको



फागुन २१ को चुनावपछि अस्तित्वको संकटमा रहेका मधेशवादी, पश्चिमको थारू नेतृत्वको नागरिक उन्मुक्ति पार्टी, पूर्वी खम्बुवान राष्ट्रिय मोर्चा र प्रलोपा समेतले मोर्चाबन्दी गरेर अघ बढ्ने निर्णय गरेका छन् ।

यो मोर्चामा उपेन्द्र यादव, डा.सीके राउत, प्रभु साह, रेशमलाल चौधरी, सन्तोष परियार, रिजवान अन्सारी, डा.हरिनन्दन कुमार रञ्जन र रामकुमार राई रहेका छन् । यो मोर्चामा महन्त ठाकुर, जनार्दन शर्मासमेत जोडिएका छन् ।

## ओलीविरूद्ध अखिल र पार्टी



रास्वपा फुट्यो, फुट्यो भनेर प्रतिपक्षीले सडकमा निकै झ्याली पिटे, तर साउन २४ गते पार्टी सभापति रवि लामिछाने र प्रम बालेनवीच घण्टौं गोप्य वार्ता भएको छ । प्रम बालेन साहले एक्लै लड्नुपरेको स्टाटस हालेपछि भएको यो वार्ता र त्यसपछि सभापति लामिछानेले कमजोरी सच्याइनेछ, प्रधानमन्त्रीसँग म छु भनेर सार्वजनिक अभिव्यक्ति दिएका छन् । बालेनको भारत र रविको चीन भ्रमणका बारेमा पनि छलफल भएको छ । जेहोस्, प्रतिपक्षीहरूले जतिसुकै आलोचना गरे पनि प्रम बालेन रविको साथ र सहयोगले अझ मजबुत भएको विश्लेषण भइरहेको छ ।

# सर्वोच्चको निस्साले के गर्ला ?

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा जेनजी आन्दोलनमा रगतपच्छे भएपछि उपचारका लागि सिंगापुर, हङकङ, थाइलेण्डतिर लागेका थिए । लामो समयको कथित उपचारपछि देउवा २८ गते थाई एयरबाट दिउँसो नेपाल आइपुग्ने र देउवापक्षले भव्य स्वागत गर्ने योजना रहेको पूर्णबहादुर खड्काले बताएका छन् । विशेष अधिवेशनबाट सभापति बनेका गगन थापालाई निर्वाचन आयोगले मान्यता दिएपछि अदालतले समेत स्वीकार गरेको थियो । तर देउवा पक्षका पूर्णबहादुर खड्काले दोपा निवेदन दिएपछि मुद्दा पुनरावलोकन हुने निस्सा देउवापक्षले पाएको छ ।

देउवा र गगन थापा पक्षवीच एकताका विषयमा खोचे थापी थापी लामो समयदेखि विवाद हुँदै आएको छ र दुबै पक्षका अलग अलग सम्पर्क कार्यालय छन् र दुई पार्टीका रूपमा रहेका छन् ।

गगन थापा भन्छन्- तर्साएर तर्सिन्न, फकाएर फकिन्न, विधानको सीमाभित्रै बसेर सबैलाई जोड्छु ।



पूर्णबहादुर खड्का भन्छन्- कांग्रेस एकताका लागि निर्णायक अग्रसरता लिन सभापति थापा तैयार हुनुपर्छ । कांग्रेसका पूर्वउपसभापति हुन् पूर्णबहादुर खड्का । उनले पार्टीको आधिकारिकतासम्बन्धी विवादका कारण देखिएको विभाजन र ध्रुवीकरण अन्त्य गर्दै पार्टी एकताका लागि सभापति गगनकुमार थापा तैयार हुनुपर्छ । गगन थापाका सामु देउवा समूहले अनेक सर्तहरू राखेका छन् । तथापि खड्काले देशको राष्ट्रियता अत्यन्त प्रतिकूल र संकटापन्न अवस्थामा पुगेको तथा लोकतान्त्रिक संविधान धरापमा पार्ने षड्यन्त्र भइरहेको दाबी गर्दै कांग्रेसको सम्पूर्ण एकता नै पहिलो आवश्यकता बताएका छन् ।

र, कांग्रेस इतिहासकै कमजोर र प्रतिकूल अवस्थामा रहेको स्वीकार गरेका छन् । खड्काले पार्टी एकताका लागि अस्वाभाविक महत्त्वाकांक्षा, अहंकार, घमण्ड, प्रतिशोध र कुण्ठा त्याग्न आग्रह गरेका छन् ।

गगन समूह असोजमा १५औं महाधिवेशन गर्ने तैयारीमा छ । यो महाधिवेशनमा सबैलाई जोडेर लैजाने हो, नेताहरूप्रति ठूलो सम्मान छ, सबैलाई जोड्न संवाद भइरहेको छ । साथै गगनले भनेका छन्- विशेष महाधिवेशनबारे अदालतमा मुद्दा रहेको छ, लडिन्छ ।


सर्वोच्च अदालतको पूर्ण इजलासले विशेष महाधिवेशनबारेको फैसला पुनरावलोकनको लागि दिएको निस्सा टुट, फुट र गुटका रूपमा रहेको र कमजोर भइसकेको कांग्रेस पार्टीको एकताका लागि अन्तिम अवसर हो । देउवा र गगन थापा समूहवीचको मतभिन्नताको पहिले नै जोरफोर भएर एकता हुने हो अथवा अदालतले नै फैसला गर्नुपर्ने हो ? चिन्ता देखिन्छ । गगन र देउवा समूह दुबै निर्णाक हुन्, एकले अर्कोलाई देखाइरहेका छन् । केन्द्रदेखि पालिका र भातृ र शुभेच्छुक संस्थाहरू सबै यतिबेला सचेत र सकृय देखिएका छन् ।

दुबै खेमामा राष्ट्र रहे बहुदलीय लोकतन्त्र, पार्टी र त्यसमा आफूहरूको अस्तित्व रहने र पार्टी फुटे केही बाँकी नरहने एकदोस्रालाई चेतावनी दिइरहेछन् ।

देउवा र गगन पक्ष एकदोस्रालाई गलाउन न्वारानदेखिको बल लगाइरहेका छन् । कांग्रेसी नै भन्छन्- स्थिति भाले भिडन्तजस्तो छ । वर्तमान स्थिति हेर्दा दुबै पक्ष गल्न होइन, गलाउन प्रयास गर्दैछन् । देउवा स्वदेश फर्केपछि कांग्रेसी विवादमा फाइनल जोरफोर हुने स्थिति देखिदैछ ।

# नेपालको कूटनीतिक परम्पराको पुनर्निर्माण

**गालब बहादुर ढुंगाना**



कूटनीतिक दक्षताका माध्यमबाट नेपालले हासिल गरेका उपलब्धिहरू संसारका धेरै देशहरूको तुलनामा असाधारण छन् । दुई शताब्दीभन्दा बढी समयदेखि नेपालको कूटनीतिले राष्ट्रिय सार्वभौमिकताको रक्षा गरेको छ, अन्तर्राष्ट्रिय प्रतिष्ठालाई उचाइमा पुर्‍याएको छ, र भूगोल, सैनिक शक्ति वा आर्थिक आकारभन्दा धेरै माथिको सम्मान विश्व समुदायबाट दिलाएको छ । आज नेपाल नयाँ राजदूतहरू नियुक्त गर्ने तयारीमा रहेको बेला एउटा ऐतिहासिक सत्यलाई सम्झनु आवश्यक छ । नेपालको सबैभन्दा महत्वपूर्ण कूटनीतिक सफलता संयोगवश प्राप्त भएका होइनन् । ती दूरदर्शी नेतृत्व, दक्ष कूटनीतिज्ञ र सधैं राष्ट्रिय हितलाई केन्द्रमा राख्ने स्वतन्त्र विदेश नीतिको परिणाम थिए । त्यसैले नेपालले नियुक्त गर्ने राजदूतहरू विदेशमा बस्ने राजनीतिक प्रतिनिधि मात्रज होइनन्, उनीहरू राष्ट्रको बौद्धिक, रणनीतिक र नैतिक अनुहार हुन् । विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, लगानीकर्ता, विश्वविद्यालय र व्यवसायिक समुदायले नेपाललाई सबैभन्दा पहिले तिनै राजदूतमार्फत बुझ्ने गर्छन् । आज विश्वमा देशहरू भूभागका लागि भन्दा पनि लगानी, प्रविधि, जलवायु वित्त, बजार, पर्यटन र रणनीतिक प्रभावका लागि प्रतिस्पर्धा गरिरहेका छन् । यस्तो समयमा राजदूत नियुक्तिलाई राजनीतिक पुरस्कार वा भागबण्डाको साधन बनाउने विलासिता नेपालसँग छैन । यस्ता नियुक्ति योग्यता, इमान्दारिता, व्यावसायिक उपलब्धि र राष्ट्रिय हितप्रतिको अटल प्रतिबद्धताका आधारमा हुनुपर्छ । प्रत्येक नेपाली राजदूतले विश्वसामु आत्मविश्वासका साथ एउटा स्पष्ट सन्देश राख्न सक्नुपर्छ । नेपाल पूर्ण सार्वभौम, स्वतन्त्र र लोकतान्त्रिक राष्ट्र हो । नेपालको विदेश नीति केवल नेपालको राष्ट्रिय हितद्वारा निर्देशित हुन्छ । नेपाल सबै राष्ट्रसँग मित्रता, कसैसँग वैर होइन भन्ने सिद्धान्तमा विश्वास गर्छ, समानता र पारस्परिक सम्मानका आधारमा साझेदारीलाई स्वागत गर्छ, र बाँकी रहेका सीमासम्बन्धी विवादसमेत संवाद, ऐतिहासिक प्रमाण, द्विपक्षीय वार्ता तथा अन्तर्राष्ट्रिय कानुनका आधारमा समाधान गर्न प्रतिबद्ध छ ।

नेपालको कूटनीतिक इतिहासले एउटा स्पष्ट पाठ सिकाउँछ । राष्ट्रको सबैभन्दा ठूलो उपलब्धि सैनिक शक्ति वा आर्थिक आकारबाट होइन, दूरदर्शी रणनीति, सक्षम नेतृत्व र परिपक्व कूटनीतिबाट प्राप्त हुन्छ । सन् १८१६ को सुगौली सन्धिले एङ्गलो-नेपाल युद्धपछि नेपाललाई आफ्नो करिब एक तिहाइ भूभाग गुमाउन बाध्य बनायो । तर दक्षिण एशियाका अधिकांश राष्ट्रहरू औपनिवेशिक शासनअन्तर्गत परेका बेला नेपालले आफ्नो सार्वभौमिकता जोगाइराख्यो । प्रधानमन्त्री जङ्गबहादुर राणाले बाहिरी संसारसँगको सम्बन्धले राष्ट्रिय स्वतन्त्रता कमजोर होइन, अझ सुदृढ बनाउँछ भन्ने कुरा समयमै बुझेका थिए । सन् १८५०-५१ मा बेलायत र फ्रान्सको उनको औपचारिक भ्रमण युरोपको राजकीय कूटनीतिक भ्रमण गर्ने पहिलो दक्षिण एशियाली सरकार प्रमुखको रूपमा इतिहासमा दर्ज भयो । त्यसपछि सन् १८५७ को भारतीय विद्रोहमा बेलायतलाई दिएको सहयोगका कारण नेपालले सन् १८६० मा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता प्राप्त गर्‍यो । राणा शासनकै अवधिमा पनि विवेकपूर्ण कूटनीतिले राष्ट्रिय स्वतन्त्रता जोगाउँदै ठोस राष्ट्रिय उपलब्धि हासिल गर्न सकिन्छ भन्ने नेपालले प्रमाणित गरिसकेको थियो ।

सन् १९५१ को प्रजातान्त्रिक परिवर्तनसँगै नेपाल आधुनिक अन्तर्राष्ट्रिय व्यवस्थाको सक्रिय सहभागीका रूपमा उदायो । राजा त्रिभुवन, प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, राजा महेन्द्र र त्यसपछि राजा वीरेन्द्रको नेतृत्वमा नेपालले आफ्नो कूटनीतिक इतिहासको सम्भवतः सबैभन्दा सफल युगमा प्रवेश गर्‍यो । स्वतन्त्र भारत र संयुक्त राज्य अमेरिकासँग सन् १९४७ पछि छिट्टै कूटनीतिक सम्बन्ध स्थापना भयो, र परराष्ट्र मन्त्रालयको पुनर्गठनले अझ आत्मविश्वासी तथा बाह्यमुखी विदेश नीतिको संस्थागत आधार तयार गर्‍यो । नेपाल सन् १९५३ मा युनेस्कोको सदस्य बन्यो, अप्रिल १९५५ मा एसिया-अफ्रिका बान्डुङ सम्मेलनमा सहभागी भयो, १ अगस्ट १९५५ मा जनवादी गणतन्त्र चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्‍यो, र १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसंघको १४७औँ सदस्य बन्यो । एक दशक पनि नबित्दै नेपाल अपेक्षाकृत एकान्त हिमाली राज्यबाट आत्मविश्वासी, सम्मानित र अन्तर्राष्ट्रिय समुदायमा बढ्दो प्रभाव स्थापित गरिरहेको राष्ट्रका रूपमा विकसित भइसकेको थियो ।

त्यसपछिका दशकहरू नेपालको कूटनीतिक इतिहासको स्वर्णिम युग बने । नेपालले सोभियत संघ, जापान, स्विट्जरल्याण्ड, जर्मनी, इजिप्ट, श्रीलंका, अष्ट्रेलिया, थाइल्याण्ड, मलेसिया, फिलिपिन्स लगायत अनेकौं राष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध विस्तार गर्‍यो । त्यही समय भारत, चीन, संयुक्त राज्य अमेरिका, सोभियत संघ, युरोप र विकासोन्मुख विश्वसँग कुनै शक्ति गुटको अधीनमा नपरी सन्तुलित सम्बन्ध कायम राख्न सफल भयो । १ जुन १९६० मा नेपाल दक्षिण एशियामा इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने पहिलो राष्ट्र बन्यो, र एशियाका प्रारम्भिक राष्ट्रहरूमध्ये पनि एक रह्यो । त्यो निर्णय कुनै क्षेत्रीय दबाबका कारण होइन, नेपालको आफ्नै राष्ट्रिय हितका आधारमा गरिएको स्वतन्त्र निर्णय थियो । छ दशकभन्दा बढी समय बितिसक्दा पनि नेपालले इजरायल र अरब विश्व दुवैसँग मैत्रीपूर्ण सम्बन्ध कायम राखेको छ, जसले स्वतन्त्र र सन्तुलित कूटनीति एकसाथ सम्भव हुन्छ भन्ने प्रमाणित गर्छ । यही अवधिमा नेपाल र चीनबीच सन् १९६० मा शान्ति तथा मैत्री सन्धि सम्पन्न भयो र सन् १९६१ मा नेपाल-चीन सीमा सम्झौता सफलतापूर्वक सम्पन्न भयो, जुन आज पनि वार्तामार्फत अन्तर्राष्ट्रिय सीमा विवाद समाधान गरिएको एशियाकै उत्कृष्ट उदाहरणहरूमध्ये एक मानिन्छ ।

राजा वीरेन्द्रले सन् १९७५ मा नेपाललाई शान्ति क्षेत्र ( श्यलभ या एभबअभ) घोषणा गर्ने ऐतिहासिक प्रस्ताव अघि सार्दै नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठालाई अझ उचाइमा पुर्‍याए । अन्ततः चीन, संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, जापान, पाकिस्तान, बङ्गलादेश र श्रीलङ्का लगायत ११६ राष्ट्रहरूले उक्त प्रस्तावलाई औपचारिक समर्थन जनाए । भारत, सोभियत संघ र तिनका प्रभावमा रहेका केही सीमित राष्ट्रहरू मात्र यसको पक्षमा उभिएनन् । त्यसले पनि सानो राष्ट्र नेपालप्रति अन्तर्राष्ट्रिय समुदायको विश्वास र सद्भाव कति गहिरो थियो भन्ने स्पष्ट पार्छ । नेपालले सन् १९८५ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को स्थापना प्रक्रियामा अग्रणी भूमिका खेल्यो र यसको स्थायी सचिवालय काठमाडौंमा स्थापना भयो । सन् १९५८ देखि संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना अभियानमा सहभागी हुँदै आएको नेपालले हालसम्म एक लाख पचास हजारभन्दा बढी सैनिक तथा प्रहरी विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरूमा परिचालन गरिसकेको छ र आज पनि विश्वका प्रमुख शान्ति सैनिक योगदानकर्ता राष्ट्रहरूमध्ये एकका रूपमा परिचित छ । यी उपलब्धिहरू संयोगका परिणाम थिएनन् । सक्षम परराष्ट्र मन्त्रालय, संस्थागत निरन्तरता र राष्ट्रिय हितलाई केन्द्रमा राखेर काम गर्ने व्यावसायिक कूटनीतिज्ञहरूको योगदानले नै नेपाललाई यो उचाइमा पुर्‍याएको थियो ।

सन् १९९० मा बहुदलीय लोकतन्त्रको पुनर्स्थापनासँगै नेपालको अन्तर्राष्ट्रिय संलग्नताले नयाँ गति लियो । नेपाल सन् २००४ मा विश्व व्यापार संगठन (WTO) को सदस्य बन्यो, बिम्स्टेक (BIMSTEC) मा सक्रिय सहभागी रह्यो, लाखौं नेपालीलाई वैदेशिक रोजगारीका अवसर उपलब्ध गराउने द्विपक्षीय श्रम सम्झौताहरू विस्तार गर्‍यो, र संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना अभियानमा आफ्नो नेतृत्वदायी भूमिका निरन्तर कायम राख्यो । तर समयसँगै राजदूत नियुक्तिमा व्यावसायिक योग्यताभन्दा राजनीतिक निकटताले बढी प्रभाव पार्न थाल्यो । धेरै सक्षम करियर कूटनीतिज्ञ र केही राजनीतिक नियुक्त राजदूतहरूले उल्लेखनीय सेवा गरे तापनि नियुक्तिहरूको बढ्दो राजनीतिकरणले परराष्ट्र सेवाको संस्थागत निरन्तरता कमजोर बनायो र नेपालको कूटनीतिक क्षमतालाई क्रमशः ह्रास गरायो ।

सन् २००८ मा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना नेपालका लागि बदलिँदो विश्वमा आफ्नो भूमिका पुनः परिभाषित गर्ने ऐतिहासिक अवसर थियो । दुर्भाग्यवश, त्यो अवसर पूर्ण रूपमा उपयोग हुन सकेन । विश्व कूटनीति क्रमशः प्रत्यक्ष वैदेशिक लगानी, जलवायु वित्त, अत्याधुनिक प्रविधि, स्वच्छ ऊर्जा, पूर्वाधार विकास र रणनीतिक साझेदारीतर्फ केन्द्रित भइरहेका बेला नेपालका धेरै दूतावासहरू औपचारिक कार्यक्रम र राजनीतिक प्रतिवेदनमै सीमित रहे । आर्थिक कूटनीतिका प्रभावकारी केन्द्रका रूपमा उनीहरू अपेक्षित भूमिका खेल्न सकेनन् । यद्यपि नेपालको अन्तर्राष्ट्रिय आधार आज पनि अत्यन्त बलियो छ । नेपालले १८० भन्दा बढी राष्ट्रसँग कूटनीतिक सम्बन्ध कायम गरेको छ । सात दशकभन्दा बढी समयको सन्तुलित र सिद्धान्तनिष्ठ कूटनीतिबाट प्राप्त अन्तर्राष्ट्रिय सद्भाव, संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना अभियानमा विश्वस्तरीय प्रतिष्ठा, भारत र चीनबीचको रणनीतिक भौगोलिक अवस्था, तथा संयुक्त राष्ट्रसंघ, विश्व बैंक समूह, अन्तर्राष्ट्रिय मुद्रा कोष, एडीवी, एशियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक र अनेकौं द्विपक्षीय विकास साझेदारहरूसँगको दीर्घकालीन सम्बन्ध नेपालका महत्वपूर्ण सम्पत्ति हुन् । नेपालको चुनौती अन्तर्राष्ट्रिय समुदायमा पहुँच बनाउनु होइन; त्यो विश्वासलाई लगानी, प्रविधि हस्तान्तरण, निर्यात बजार, शैक्षिक साझेदारी, औद्योगिक विकास र दिगो आर्थिक वृद्धिमा रूपान्तरण गर्नु हो ।

नेपालको कूटनीतिक इतिहासले एउटा गहिरो शिक्षा दिन्छ । साना राष्ट्रहरू आफ्नो अर्थतन्त्र वा सैनिक शक्तिको आकारले प्रभावशाली बन्दैनन्; उनीहरू आफ्नो कूटनीतिक क्षमताले प्रभावशाली बन्छन् । नेपालले औपनिवेशिक युगमा आफ्नो सार्वभौमिकता जोगायो, सन् १९५१ पछि अन्तर्राष्ट्रिय समुदायमा सक्रिय भूमिका निर्वाह गर्‍यो, सन् १९५५ मा संयुक्त राष्ट्रसंघको १४७औँ सदस्य बन्यो, शीतयुद्धभर भारत, चीन, संयुक्त राज्य अमेरिका, सोभियत संघ, युरोप तथा विकासोन्मुख विश्वसँग सन्तुलित सम्बन्ध कायम राख्यो, दक्षिण एशियामा सबैभन्दा पहिले इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापना गर्‍यो, चीनसँगको सीमा विवाद शान्तिपूर्ण रूपमा समाधान गर्‍यो, सार्कको स्थापना प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्‍यो, शान्ति क्षेत्र प्रस्तावमा ११६ राष्ट्रको समर्थन प्राप्त गर्‍यो, र संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना अभियानमा विश्वकै सम्मानित योगदानकर्तामध्ये एक बन्यो । यी उपलब्धिहरू भूगोल, सैनिक शक्ति वा आर्थिक आकारका कारण सम्भव भएका होइनन् । दूरदर्शी सोच, सिद्धान्तनिष्ठ स्वतन्त्र विदेश नीति, संस्थागत निरन्तरता र सक्षम कूटनीतिले यो स्थान दिलाएको हो ।

आज नेपालले सामना गरिरहेको विश्व सन् १९५५ मा संयुक्त राष्ट्रसंघमा प्रवेश गर्दाको विश्वभन्दा धेरै प्रतिस्पर्धी छ । आज राष्ट्रहरू भूभागका लागि भन्दा लगानी, प्रविधि, जलवायु वित्त, नवप्रवर्तन, आपूर्ति शृङ्खला, पर्यटन, शैक्षिक सहकार्य र रणनीतिक प्रभावका लागि प्रतिस्पर्धा गरिरहेका छन् । त्यसैले नेपालको कूटनीतिक परम्पराको पुनर्निर्माण गर्न कूटनीतिक उत्कृष्टतालाई पुनः राष्ट्रिय प्राथमिकता बनाउनैपर्छ । अब राजदूत नियुक्तिलाई राजनीतिक संरक्षण वा दलगत पुरस्कारको माध्यम बनाउने समय समाप्त भएको छ । प्रत्येक नेपाली दूतावास राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्ने, आर्थिक अवसर विस्तार गर्ने, वैदेशिक लगानी आकर्षित गर्ने, व्यापार र पर्यटन प्रवर्द्धन गर्ने, शैक्षिक तथा प्राविधिक सहकार्य सुदृढ गर्ने र नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठा उकास्ने रणनीतिक संस्थाका रूपमा सञ्चालन हुनुपर्छ । त्यसका लागि राजदूत नियुक्तिको पहिलो आधार योग्यता हुनुपर्छ । नेपालको परराष्ट्र सेवाको मेरुदण्ड करियर कूटनीतिज्ञहरू नै हुनुपर्छ, तर आवश्यकताअनुसार शिक्षा, कानुन, अर्थशास्त्र, व्यवसाय, विज्ञान, इन्जिनियरिङ, सार्वजनिक प्रशासन, सुरक्षा तथा अन्तर्राष्ट्रिय संस्थाहरूमा विशिष्ट योगदान दिएका व्यक्तिहरूलाई पनि प्रतिनिधित्व गर्ने अवसर दिन सकिन्छ । आज नेपालका तर्फबाट विश्वसामु उभिने व्यक्तिहरूले नै आगामी दशकहरूमा विश्वले नेपाललाई कसरी बुझ्छ, नेपालले अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा कति सफलता हासिल गर्छ, र समृद्ध कूटनीतिक परम्परालाई कति प्रभावकारी रूपमा भविष्यतर्फ लैजान सक्छ भन्ने निर्धारण गर्नेछन् । त्यसैले नेपालका राजदूतहरूको छनोट सामान्य राजनीतिक निर्णय होइन । यो राष्ट्रको भविष्यमा गरिने सबैभन्दा महत्वपूर्ण रणनीतिक लगानीहरूमध्ये एक हो ।

# गाउँपालिका पूर्व अध्यक्ष सम्मानित



*राजेन्द्र न्यौपाने-*

१६ साउन, गोरखा । सिरानचोक गाउँपालिका पूर्व अध्यक्ष राजु गुरूङ सम्मानित हुनु भएको छ । गोरखाको सिरानचोक गाउँपालिकाको प्रथम निर्वाचित अध्यक्ष रहेका गुरूङलाई राष्ट्रिय विभुति अमरसिँह थापाको २१० औं स्मृति दिवसको अवसरमा काठमाण्डौमा आयोजित कार्यक्रममा सम्मान गरिएको हो ।

नेपाल एकीकरणको क्रममा महत्वपूर्ण योगदान दिएका इतिहासका पानामा सिमित रहेका बडाकाजी अमरसिँह थापाको इतिहासको सोधखोज गरी उनको पहिचानलाई प्रचार गर्नका लागि राज्यका तर्फबाट सहयोग पुर्‍याएको भन्दै राष्ट्रिय विभुति अमरसिँह थापा प्रतिष्ठान, काठमाण्डौले त्रिभुवन आर्मी अफिसर्स क्लव भद्रकालीमा शनिबार सम्मान गरेको प्रतिष्ठानका अध्यक्ष गणेश थापाले जानकारी दिनुभयो । देशभक्ति, वीरता, राष्ट्र निर्माणप्रति बडाकाजी अमरसिँह थापाको महत्वपूर्ण योगदान रहेको छ । अमरसिँह थापा गोरखाको सिरानचोकमा जन्मेका सँस्कृति एवँ इतिहासविज्ञ जगमानसिँ गुरूङले जानकारी दिनुभयो । अमरसिँह थापाको जन्म स्थल सिरानचोकमा इतिहासविद् द्वय दिनेशराज पन्त र जगमानसिँ गुरूङले स्थलगत अवलोकन समेत गरेका थिए ।

### को हुन अमरसिँह थापा ?

बडाकाजी अमरसिंह थापा (वि.सं. १८१६-१८७३) नेपाल एकीकरण अभियानका प्रमुख सैन्य नायक तथा कुशल रणनीतिकार थिए । उनी नेपालको पश्चिमी क्षेत्रको एकीकरण तथा राज्यको सीमाको विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याउने सेनापतिका रूपमा परिचित छन् । उनको नेतृत्व, वीरता र राष्ट्रप्रतिको समर्पणका कारण उनी नेपाली इतिहासका महान् राष्ट्रिय विभूतिमध्ये एक मानिन्छन् ।

पृथ्वीनारायण शाहपछि बहादुर शाहको संरक्षकत्वकालमा सुरू भएको एकीकरण अभियानमा अमरसिंह थापाले पश्चिम नेपालतर्फ नेतृत्व गरेका थिए । उनले पाल्पा, कुमाउँ, गढवाल लगायतका क्षेत्रमा नेपाली सेनाको नेतृत्व गर्दै राज्य विस्तारमा महत्वपूर्ण सफलता हासिल गरेका थिए ।

अमरसिंह थापा उत्कृष्ट सैन्य योजनाकार थिए । योजना निर्माण, पहाडी भूगोलको प्रभावकारी उपयोग तथा सीमित स्रोतसाधनका बीच युद्ध सञ्चालन गर्ने उनको क्षमता उल्लेखनीय थियो । उनले सैनिकहरूको मनोबल उच्च राख्दै कठिन परिस्थितिमा पनि सफल नेतृत्व प्रदान गरे ।

### पश्चिमी नेपालको सीमाको विस्तार


उनको नेतृत्वमा नेपाली राज्य पश्चिमतर्फ विस्तार हुँदै सतलज नदीसम्म पुगेको थियो । यसले नेपालको भौगोलिक क्षेत्रफल र राजनीतिक प्रभावलाई उल्लेखनीय रूपमा बढाएको थियो । वि.सं. १८७१-१८७२ (सन् १८१४-१८१६) को नेपाल-अङ्ग्रेज युद्धमा अमरसिंह थापाले पश्चिम मोर्चाको नेतृत्व गरे । देउथल, मलौं र आसपासका क्षेत्रमा उनले अङ्ग्रेज सेनासँग साहसपूर्वक प्रतिरोध गरे । स्रोतसाधनको अभाव हुँदाहुँदै पनि उनले नेपाली सेनाको नेतृत्व गर्दै लामो समयसम्म अङ्ग्रेज सेनालाई चुनौती दिए । युद्धका क्रममा उनले व्यक्तिगत स्वार्थभन्दा राष्ट्रको हितलाई प्राथमिकता दिए । अन्तिम समयसम्म आत्मसमर्पण नगरी राष्ट्रको स्वतन्त्रता र स्वाभिमानको रक्षा गर्न प्रयासरत रहेका थिए । उनको राष्ट्रभक्ति आज पनि नेपालीका लागि प्रेरणाको स्रोत बनेको छ । अमरसिँ थापा पश्चिम नेपालको एकीकरणका समय प्रमुख सेनापति हुन् । नेपालको सीमालाई सतलज नदीसम्म विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका थापाले नेपाल-अङ्ग्रेज युद्धमा अदम्य साहस र कुशल नेतृत्व प्रदर्शन गरेका थिए । नेपाली सेनामा अनुशासन, रणनीति र राष्ट्रभक्तिको थापा स्थापित थिए । नेपालको राष्ट्रिय एकता र सार्वभौमसत्ताको संरक्षणमा उल्लेखनीय योगदान गरेका छन् । बडाकाजी अमरसिंह थापा नेपालको एकीकरण अभियानका अत्यन्त महत्वपूर्ण सेनापति थिए । उनले पश्चिम नेपालको एकीकरण, सीमाको विस्तार, सैन्य नेतृत्व तथा अङ्ग्रेजविरूद्धको प्रतिरोधमार्फत नेपालको इतिहासमा अमिट छाप छोडेका छन । पृथ्वीनारायण शाहले प्रारम्भ गरेको एकीकरण अभियानलाई पश्चिमतर्फ सफलतापूर्वक अघि बढाउने प्रमुख व्यक्तित्वका रूपमा उनको योगदान सधैं स्मरणीय रहेको छ ।

नेपालको पश्चिम क्षेत्रले सम्मान गर्दै आएको तर गोरखाको इतिहासमा भने इतिहासको पानामा मात्रै सिमित रहँदै आएका अमरसिँह थापाको जन्म स्थान गोरखाको सिरानचोक रहेको र सो क्षेत्रमा थापालाई स्थापित गराउन सिरानचोक गाउँपालिका पूर्व अध्यक्ष राजु गुरूङको महत्वपूर्ण योगदान रहेको छ ।

अमरसिँह थापा गोरखा आउँदा जाँदा हिँड्ने बाटो क्षेत्र (अमरपुर) मा थापा र उनका पिता भिमसिँह थापाको शालिक निर्माण गरी पर्यटकिय क्षेत्रका विकासका लागि पूर्वाधार तयार गरिएका छन् । यस क्षेत्रका नागरिकहरूले जग्गा दान गरेर अमरसिँह थापाले गरेको योगदानको महत्वलाई थप सार्थकता बनाइदिएका छन् । एकीकरणका क्रममा पृथ्वी नारायण शाह पछिको मुख्य योगदान रहेका उनै अमरसिँह थापाको जन्मथलोलाई अमरसिँह थापाको नामबाट समेत चिनारी गराउने अभियानको थालनी गरेका पूर्व अध्यक्ष गुरूङलाई प्रतिष्ठानले सम्मान गरेको हो । गुरूङको अभियानलाई गोरखाली नागरिकहरूले उच्च महत्व दिँदै उक्त कामको प्रशँसा गरेका छन् । अमरसिँह थापाको शालिक तनहुँ हुँदै गोरखा प्रवेश गर्ने गोरखा गेटमा तत्काल राख्न पहल गर्नुपर्ने इतिहासबारे जानकार गोरखालीहरूले बताउने गरेका छन् ।

# सबै यहाँ आफ्नो दुनो सोझ्याउने

नारायणप्रसाद मिश्र



सबै यहाँ आफ्नो दुनो सोझ्याउने
नारायण प्रसाद मिश्र

कसैले बीपीको नाम लिई
सोझ्याए आफ्नो दुनो।
कसैले गणेशमानको नाम लिई
सोझ्याए आफ्नो दुनो।
कसैले पुष्पलालको नाम लिई
सोझ्याए आफ्नो दुनो।
कसैले राजाको नाम लिई
सोझ्याए आफ्नो दुनो।
कसैले मार्क्सको नाम लिई
सोझ्याए आफ्नो दुनो।
कसैले लेनिनको नाम लिई
सोझ्याए आफ्नो दुनो।
कसैले माओको नाम लिई
सोझ्याए आफ्नो दुनो।

भएन यहाँ कोही
पृथ्वीको नाम लिई
राष्ट्रिय नीति बनाउने।
त्रिभुवनको नाम लिई
प्रजातन्त्र जोगाउने
महेन्द्रको नाम लिई
देश विकास गर्ने

भएन यहाँ कोही
अमरसिंहको नाम लिई
देश बचाउने।
भक्ति थापाको नाम लिई
देशका लागि मर्ने।

भएन यहाँ कोही
राष्ट्र उठाउने।
भएन यहाँ कोही
जनता उठाउने।
भएन यहाँ कोही
गरिबी हटाउने।
भएन यहाँ कोही
रोग हटाउने।

छन् यहाँ सबै
दुनो सोझ्याउने।
छन् यहाँ सबै
दुनो सोझ्याउने।

सबै यहाँ
दुनो सोझ्याउने।
सबै यहाँ
दुनो सोझ्याउने।

विगत सात दशकमा नेपालको राजनीतिक यात्राले अनेक उतारचढाव देख्यो । राजनीतिक नाराहरू फेरिए, नेताहरू फेरिए, दलहरू फुटे र फेरि एक भए । संविधानहरू बने, संशोधित भए र फेरि नयाँ संविधान जारी भए । शासन व्यवस्था राजतन्त्रबाट संवैधानिक राजतन्त्रमा, पञ्चायती व्यवस्थाबाट बहुदलीय लोकतन्त्रमा र अन्ततः संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भयो । तर यति धेरै राजनीतिक परिवर्तनका बीच एउटा तीतो यथार्थ भने आजसम्म लगभग उस्तै छ–राष्ट्रको विकास र जनताको जीवनस्तर उठाउने भनी गरिएका राजनीतिक प्रतिबद्धता र आश्वासनहरूको तुलनामा सामान्य नागरिकको जीवनमा आएको सुधार अत्यन्त कम रह्यो । नढाँटी भन्ने नै हो भने केही पनि नभएको जस्तोनै देखियो । साधारण जनताको गाँस, वास र कपासको समस्या हुबहुँ उस्तै नै छ ।

नेपाली राजनीतिमा अर्को एउटा रोचक तर चिन्ताजनक प्रवृत्ति पनि देखिन्छ । हरेक राजनीतिक धारले आफूले आदर्श मानेका कुनै न कुनै महान् व्यक्तित्वको नामलाई आफ्नो वैचारिक आधारका रूपमा प्रस्तुत गर्छ । कसैले बी.पी. कोइरालालाई सम्झन्छ, कसैले गणेशमान सिंहलाई । कसैले पुष्पलाल, मार्क्स, लेनिन वा माओको नाम लिन्छ भने कसैले राजाहरूको योगदानलाई अघि सार्छ । तिनका तस्बिरहरूले पार्टी कार्यालयका भित्ताहरू सजिएका हुन्छन् । तिनका भनाइहरू जयन्ती र स्मृति समारोहमा उद्धृत गरिन्छन् । निर्वाचनका बेला तिनका नामहरू बारम्बार लिइन्छन् ।

तर यहीं एउटा सरल तर गम्भीर प्रश्न उठ्छ–के ती महान् व्यक्तित्वहरूको नाम वास्तवमै सम्मानका साथ स्मरण गरिएका हुन् वा केवल राजनीतिक प्रयोजनका लागि प्रयोग गरिएका हुन् ?

दुर्भाग्यवश, धेरैजसो अवस्थामा ती नामहरू नैतिक प्रेरणाका स्रोतभन्दा बढी राजनीतिक स्वार्थको साधन बन्न पुगेका छन् । निर्वाचन जित्न, आफ्ना निर्णयलाई सही सावित गर्न, आलोचकहरूलाई मौन बनाउन, आफ्ना समर्थकलाई सन्तुष्ट पार्न र राजनीतिक प्रभाव जोगाइराख्न अर्थात आफ्नो स्वार्थ मात्र पूर्तिका लागि तिनका नामको प्रयोग भएको नै बढी दोखिन्छ । तर उनीहरूले जीवनभर अँगालेका र स्थापित गर्न खोजेका आदर्श, मूल्य र सिद्धान्तहरू भने व्यक्तिगत सत्ता, पद र विशेषाधिकारको होडमा क्रमशः ओझेल पर्दैगएका छन् ।

यही यथार्थले मलाई निकै समयदेखि गम्भीर रूपमा घोचिरहेको थियो । अन्ततः यही अनुभूतिले मेरो मनमा एउटा कविता जन्मायो । मैले त्यसलाई 'सबै यहाँ आफ्नो दुनो सोझ्याउने' शीर्षक दिएँ । वर्तमान राजनीतिक संस्कृतिप्रति आफ्नो चिन्ता व्यक्त गर्ने उद्देश्यले लेखिएको उक्त कविता यस लेखसँगै यहाँ प्रस्तुत गरेको छु ।

यस कविताको उद्देश्य कुनै विशेष राजनीतिक दल, विचारधारा वा व्यक्तिमाथि प्रहार गर्नु होइन । यसको निशाना त्यस्तो राजनीतिक संस्कृतितर्फ हो, जहाँ राष्ट्र निर्माणमा योगदान दिएका महान् व्यक्तित्वहरूको नाम राष्ट्रहितका लागि होइन, व्यक्तिगत र दलगत स्वार्थका लागि प्रयोग गरिन्छ । जब इतिहासका प्रेरणादायी व्यक्तित्वहरूलाई नैतिक आदर्शका रूपमा होइन, राजनीतिक हतियारका रूपमा प्रयोग गर्न थालिन्छ, तब उनीहरूको वास्तविक योगदान क्रमशः ओझेलमा पर्न थाल्छ र राजनीति सेवाभन्दा स्वार्थको माध्यम बन्दै जान्छ । हामीकहाँ यहीँ प्रवृत्ति हावी हुँदैगएको म महसूस गर्छु ।

यही ज्ञानबोधले मेरो मनमा एउटा प्रश्न उठेको छ–हामीले इतिहासका महान् व्यक्तित्वहरूलाई वास्तवमै अनुकरण गरेका छौं कि केवल आफ्ना सुविधाअनुसार स्वार्थमात्रको लागि उनीहरूको नाम प्रयोग गरिरहेका छौं ? इमान, विवेक, धर्म साक्षी राखी अन्तस्करणले सत्य वोल्नेनै हो भने हामीले भन्नै पर्छ- साधारणतः सबैलेनै यी सवै नाम आफ्नो स्वार्थका लागि मात्र प्रयोग गरिइहेकाछन् । देश र जनताको कल्याणको लागि होइन । हाम्रो देशको अवनति र जनताको दुर्गतिनै यसको ज्वलन्त प्रमाण हामीलाई दिन्छ ।

हामीलाई थाहा छ- सामान्य नागरिकको जीवन भने उस्तै दुःख, पीड़ा र कठिनाइले घेरिएको छ । बेरोजगारी विकराल समस्या बनेको छ । दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढिरहेको छ । गुणस्तरीय स्वास्थ्य सेवा सबैको पहुँचमा पुगेको छैन । शिक्षाको स्तरबारे गम्भीर चिन्ता व्यक्त भइरहेका छन् । पूर्वाधार विकास अपेक्षित गतिमा अघि बढ्न सकेको छैन । भ्रष्टाचारले राज्यका संस्थाहरूप्रतिको जनविश्वास कमजोर बनाइरहेको छ । अवसरको खोजीमा हजारौं युवायुवतीहरू हरेक वर्ष विदेशिन बाध्य भइरहेका छन् । वास्तवमा राष्ट्रले सबैभन्दा बढी ध्यान दिनुपर्ने विषयहरू यिनै हुन् । तर विडम्बना के छ भने यी वास्तविक समस्याहरू राजनीतिक जोडघटाउ, सत्ता संघर्ष र पदको खेलमा बारम्बार ओझेलमा परिरहेका छन् ।

मलाई लाग्छ- इमान्दारीपूर्वक देश र जनताको कल्याणको सही नीति योजना तर्जुमा गर्नको लागि हाम्रो धर्मशास्त्र, ज्ञानग्रन्थ र हाम्रै देशका ऐतिहासिक महापुरूष, महारथीहरूको अनुभव र ज्ञान हाम्रो लागि यथेष्ट छ । मार्क्स वा माओ, लेनिन वा लिङ्कन्को नाममा हात खुट्टा उचाली उचाली एकले अर्कोलाई काटमार गरी हिड्न पर्ने जरूर होइन ।

यसै सन्दर्भमा एउटा गम्भीर प्रश्न मेरो मनमा उठिरहन्छ –दीर्घकालीन राष्ट्रिय नीतिको चर्चा हुँदा पृथ्वीनारायण शाहको दूरदृष्टिलाई किन कमै सम्झिइन्छ ? लोकतान्त्रिक मूल्य र राष्ट्रिय स्वतन्त्रताको संरक्षणको प्रसङ्गमा राजा त्रिभुवनको योगदान किन विरलै स्मरण गरिन्छ ? कसैको राजनीतिक व्यवस्थाप्रति मत फरक हुन सक्छ, तर राष्ट्रिय विकास, पूर्वाधार निर्माण र आत्मनिर्भरताका विषयमा चर्चा गर्दा राजा महेन्द्रको नाम लिन किन धेरैलाई असहज लाग्छ ? राष्ट्रिय सुरक्षाको कुरा गर्दा अमरसिंह थापाको अदम्य साहस किन ओझेलमा पर्छ ? र देशका लागि सर्वोच्च बलिदानको प्रसङ्ग उठ्दा भक्ती थापाको स्मरण किन यति दुर्लभ हुन्छ ?

यी प्रश्नहरूको उद्देश्य कुनै व्यक्तिको अन्धसमर्थन गर्नु होइन । इतिहासका कुनै पनि पात्र त्रुटिरहित हुँदैनन् । उनीहरूका आफ्नै सीमितता र कमजोरीहरू पनि हुन्छन् । त्यसैले इतिहासलाई न त अन्धभक्तिपूर्वक पूजा गर्नुपर्छ, न त पूर्वाग्रहका आधारमा अस्वीकार । परिपक्व राष्ट्रले आफ्ना सबै ऐतिहासिक व्यक्तित्वहरूको निष्पक्ष अध्ययन गर्छ, तिनका सबल र दुर्बल पक्षको इमानदार मूल्याङ्कन गर्छ, र वर्तमानको आवश्यकता अनुसार तिनबाट शिक्षा ग्रहण गर्छ । राजनीतिक परिपक्वता सन्तुलित विवेकमा निहित हुन्छ ।

दुर्भाग्यवश, आजको राजनीतिक संस्कृतिले सिद्धान्तप्रतिको निष्ठाभन्दा दलप्रतिको निष्ठालाई बढी महत्त्व दिएको देखिन्छ । कतिपय राजनीतिज्ञहरूलाई राजनीतिक संस्कार बदल्नुभन्दा दल बदल्नु धेरै सहज लाग्छ । सत्ता समीकरणहरू बारम्बार फेरिन्छन् । गठबन्धन सरकारहरू बन्छन् र केही समयमै भत्किन्छन् । मन्त्रालयहरू राष्ट्रिय उत्तरदायित्वका केन्द्रभन्दा राजनीतिक मोलतोलका विषय बन्न पुग्छन् । सार्वजनिक पदलाई जनसेवाको अवसरभन्दा आफ्ना समर्थक र निकटस्थहरूलाई लाभ पुर्‍याउने माध्यमका रूपमा हेर्ने प्रवृत्ति झन् बढ्दै गएको छ ।

मेरो कविताले बारम्बार भन्छ–**"सबै यहाँ आफ्नो दुनो सोझ्याउने ।"** यो केवल एउटा उखान होइन; यसले हाम्रो राजनीतिक संस्कृतिको गहिरो रोगलाई उजागर गर्छ । अङ्ग्रेजी उखान feathering one's own nest जस्तै, 'आफ्नो दुनो सोझ्याउने' भन्नाले केवल आफ्नो हित हेर्नु मात्र होइन, आफ्नो पद, प्रभाव, अधिकार वा जनताले दिएको विश्वासको दुरूपयोग गरेर व्यक्तिगत लाभ उठाउने प्रवृत्तिलाई पनि जनाउँछ । यही प्रवृत्तिले राजनीतिक संस्थाहरूप्रति जनताको विश्वास कमजोर बनाएको छ । जब सार्वजनिक जीवनमा व्यक्तिगत स्वार्थ राष्ट्रिय हितभन्दा माथि उठ्छ, लोकतन्त्रको आत्मा नै कमजोर हुन थाल्छ ।

राजनीति केवल सत्ता र पद प्राप्त गर्ने प्रतिस्पर्धामा सीमित भयो भने लोकतन्त्र बलियो हुन सक्दैन । लोकतन्त्र त्यतिबेला मात्र फस्टाउँछ, जब सार्वजनिक पदलाई विशेषाधिकार होइन, जनसेवाको पवित्र जिम्मेवारीका रूपमा बुझिन्छ । त्यसैगरी, इमानदारी र नैतिकताबिना समाजवाद सफल हुन सक्दैन; उत्तरदायित्व र जनहितप्रतिको प्रतिबद्धताबिना राजतन्त्रले सम्मान कायम राख्न सक्दैन; र सुशासन तथा पारदर्शिताबिना गणतन्त्रले जनविश्वास आर्जन गर्न सक्दैन । अन्ततः कुनै पनि राजनीतिक व्यवस्था कागजमा लेखिएका सिद्धान्तहरूले मात्र सफल हुँदैन; त्यसलाई सञ्चालन गर्ने मानिसहरूको चरित्र, इमानदारी र व्यवहारले नै त्यसको वास्तविक मूल्य निर्धारण गर्छ ।

आज नेपालको समस्या राजनीतिक दर्शनको अभाव होइन ।
समस्या राजनीतिक इमानदारीको अभाव हो ।
राष्ट्रलाई थप नाराहरूको आवश्यकता छैन ।
राष्ट्रलाई थप इमानदार आचरणको आवश्यकता छ ।
राष्ट्रलाई व्यक्तिपूजाको संस्कृतिको आवश्यकता छैन ।
राष्ट्रलाई बलिया र निष्पक्ष संस्थाहरूको आवश्यकता छ ।
राष्ट्रलाई त्यागका सुन्दर भाषणहरू होइन,
वास्तवमै त्याग गर्न तयार नेतृत्व चाहिएको छ ।

बी.पी. कोइराला, गणेशमान सिंह, पुष्पलाल, पृथ्वीनारायण शाह, त्रिभुवन, महेन्द्र, अमरसिंह थापा, भक्ती थापा तथा अन्य असंख्य महान् व्यक्तित्वहरूको महानता केवल उनीहरूको नाममा मात्र सीमित हुनुहुँदैन । उनीहरूको वास्तविक महानता उनीहरूले देखाएको आदर्श, साहस, अनुशासन, दूरदृष्टि र मुलुक र जनताका लागि गरेका ठूलो उद्देश्यका लागि गरेको समर्पणमा निहित छ ।

कुनै पनि महान् व्यक्तित्वको सम्मान केवल उनको नाम उच्चारण गरेर हुँदैन । वास्तविक सम्मान भनेको उसले प्रतिनिधित्व गरेका मूल्य र आदर्शलाई आफ्नो व्यवहारमा उतार्नु हो ।

नेपालको भविष्य हामीले ती महान् नेताहरूका नाम कति पटक दोहोर्‍याउँछौं भन्ने कुराले निर्धारण गर्ने होइन । नेपालको भविष्य त हामीले उनीहरूले देखाएका मूल्य, आदर्श र जिम्मेवारीलाई कति इमानदारीपूर्वक आत्मसात् गर्छौं भन्ने कुराले निर्धारण गर्नेछ । यसैले देश र जनताको हितको लागि काम गर्ने हो भने फोहरी राजनीतिको कलह र झगडामा नफसी हामीले हाम्रै देशको माटोमा हाम्रो आफ्नै राजनीति, विकास नीति र योजनानीति र कार्यक्रम उब्जाउन सक्नुपर्छ ।

जब राजनीति व्यक्तिगत लाभ र सम्पत्ति आर्जन गर्ने माध्यम बन्छ, राष्ट्र कमजोर बन्छ ।

जब राजनीति जनसेवा र राष्ट्रिय हितको साधन बन्छ, राष्ट्र उन्नतिको बाटोमा अघि बढ्छ ।

मेरो कविताको मूल सन्देश यही हो । मलाई लाग्छ - हामी सवैलै सबैभन्दा गम्भीरतापूर्वक मनन गर्नुपर्ने पाठ पनि यही हो ।

*narayanshanti70@gmail.com*

*लेखक परिचयः नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा असंख्य लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।*






# बढ्दै छ, साहित्य, साहित्यकार र साहित्यिक गतिविधि



## स्वीकारोक्ति सिद्धि पुरस्कार

२०८३ साउन २३ गते राजेन्द्र सुवेदी स्मृति समाजले अयोजना गरेको कार्यक्रममा राजेन्द्र सुवेदी साहित्य पुरकारबाट वरिष्ठ साहित्यकार प्राडा. चूडामणि बन्धु र राजेन्द्र सुवेदी कला पुरस्कारबाट कलाकार शकुन्तला गुरूङ शर्मा सम्मानित हुनु भयो । यसैगरी सोही कार्यक्रममा 'राजेन्द्र सुवेदीका छरिएका सामग्री' कृतिको लोकार्पण पनि भयो । यस कृतिमा मेरो 'प्रस्थान विन्दु' कवितासङ्ग्रहमा श्रद्देय राजेन्द्र सुवेदीले १० पेज लामो लेख्नु भएको भूमिका पनि समावेश छ । भुँडीपुराण प्रकाशनले प्रकाशित गरेको यो पुस्तकमा प्राडा. लक्ष्मणप्रसाद गौतमले भूमिका लेख्नु भएको छ । कार्यक्रमको प्रमुख आतिथ्यता प्राडा. वासुदेव त्रिपाठीले गर्नु भएको थियो भने समाजका अध्यक्ष प्राडा. जीवेन्द्र देव गिरीको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

## नगेन्द्रराज शर्माको सम्झनामा



वरिष्ठ साहित्यकार तथा साहित्यिक पत्रकार नगेन्द्रराज शर्माको सम्झनामा कवि गोष्ठी सम्पन्न भएको छ । नेपाल साहित्यिक पत्रकार संघद्वारा आयोजित उक्त कवि गोष्ठी संघका अध्यक्ष मोहन दुवालको सभापतित्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा डा.दामोदर पुडासैनी किशोर, मोहन दुवाल, पवन आलोक, देविका तिमिल्सिना, किशोर पहाडी, डा.राजेन्द्रप्रसाद अधिकारी, राम प्रसाद पन्त, सूर्यप्रसाद लाकाजु, राधेश्याम लेकाली, मणि लोहनी, यादव भट्टराई, कृष्ण प्रधान, रामसुन्दर देउजा, प्रा.डा. सावित्री श्रेष्ठ, डा.शैलेन्दुप्रकाश नेपाल, वियोगी बुढाथोकी, प्रल्हाद पोखरेल, डा.रामप्रसाद दाहाल, ललिता दोषी, कृष्ण बाउसे, मातृका पोखरेल, डा.छाया दत्त न्यौपाने, ठाकुर शर्मा भण्डारी, तेज विलास अधिकारी, डा. पुष्करराज भट्ट, राममणि ढुङ्गेल, राम विनय, सुभाषचन्द्र पौडेल 'भीमफेदीया', बुद्धिराज पाण्डे, तुलसीराम पुडासैनी, सृजना दुवाल, नवराज पुडासैनी 'ज्योत्सना', डा.शेखरकुमार श्रेष्ठ, रेणुका भट्टराई, गोपाल बराल, प्रणयराज शर्मा घिमिरे कृष्ण सुवेदी, वसन्त रिजाल तथा जगत वाशिष्टले कविता वाचन गरेका थिए ।

### चारू

**जीवनले परीक्षा लिंदा पास हुन सकीन,**
**बन्द भयो ढुकढुकी सास लिन सकीन ।**

**मन स्वतन्त्र विचारको भएर होला,**
**संसारमा कसैको दास हुन सकीन।**
**भन्नलाई भन्छन् सबैले आफन्त भनेर,**
**तरपनि कसैलाई खास भन्न सकीन ।**

**भाग्यले साथ नदिंदा भरोसा टुटेर गयो,**
**फेरि पुन: कसैको आश बन्न सकीन।**
**मनभित्र रहरहरू गुम्साई राखेर पनि,**
**आफूलाई जिउादो लाशमा गन्न सकीन ।**



**नीता गुरूङ**
**असम, भारत**







## अन्तर्राष्ट्रिय कविता प्रतियोगितामा
### कवि शुभचन्द्र राई प्रथम

२०८३ साउन १०, काठमाडौं । साहित्यिक पत्रकार संघद्वारा आयोजित दोस्रो विश्वव्यापी खुल्ला "आरूष-टाइगर अन्तर्राष्ट्रिय कविता प्रतियोगिता -२०८२"मा खोटाङका कवि शुभचन्द्र राई प्रथम हुनुभएको छ ।

सोही प्रतियोगितामा मकवानपुरका कवि तुलसी घिमिरे दोस्रो र भरतपुरका कवि परिवेश मुन्द्रे तेस्रो हुनुभएको छ । त्यस अतिरिक्त उत्कृष्ट दुईमा सिन्धुलीका कवि रमेश दाहाल र काठमाडौंका कवि संगीता खरेल रहनुभएको छ ।

सो निर्णय वरिष्ठ समालोचक प्रमोद प्रधानको संयोजकत्वमा बनेको निर्णायक समितिले गरेको साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

प्रतियोगितामा पहिलो हुनेलाई रू. ३०,०००/-, दोस्रो हुनेलाई रू. २०,०००/- र तेस्रो हुनेलाई रू. १०,०००/- सहित प्रमाणपत्र प्रदान गरिनेछ भने प्रतियोगितामा सहभागी उत्कृष्ट २५ कविलाई प्रमाणपत्र प्रदान गरिने छ ।

सो प्रतियोगितामा एकसय आठ कविता प्राप्त भएकोमा उत्कृष्ट २५ कविताको सूची यसअघि सार्वजनिक गरिएको थियो ।

उत्कृष्ट २५ कवितामा क्रमश: १.जागौं वीर युवा, विपेन आदिमा, २. जेनजीबहादुर, सुनिता अधिकारी, ३. कवितामा देश, तुलसी घिमिरे, ४. प्रेमका परम गणितहरू, गुञ्जन राई, ५. आवाजहरूको विद्रोह, संगीता खरेल, ६. मुखौटाहरूको महोत्सव, रमेश दाहाल, ७. बलिदानीहरूको आवाज, सरस्वती विश्वकर्मा (सारा), ८. स्वाभिमान, ''प्यासी''२ अनुमोदन, ९. गाउँ जाने बाटो, मदन घिमिरे, १०. मान्छे हरायो, किरण विश्वकर्मा, ११. सहर अब सहर होइन, अञ्चु सुवेदी, १२. के गर्व गर्नु छ ?, गोपाल खनाल, १३. शून्यहरूको आत्मकथा अनन्तसम्म, राजु उवरकोटी, १४. फूलकुमारी, सरिता जोशी, १५. भित्तेपात्रोहरू, मोहित जोशी, १६. म र झोला, मनिभक्त राई, १७. के म नेपाली होइन र ?, कंडेल, १८. क्षमायाचना, सुरज पराजुली, १९. जेनजेड पुस्तासँग प्रकृति र वातावरण संरक्षणका कुरा, माधवहरि पौडेल, २०. मैले कविता लेख्न सकेको छैन, परिवेश मुन्छे, २१. मान्छे : एक अनन्त अन्वेषण, इन्द्रप्रसाद गोतामे (जगतजंग), २२. परिवर्तन, शून्य नयन, २३. युवालाई आह्वान, सुशील पौडेल, २४. एकलव्यको दोस्रो प्रहार, शुभचन्द्र राई र २५. लग्दै छ वृद्धाश्रम, निशा काफ्ले रहेका छन् ।

प्रतियोगिताका लागि अमेरिकामा रहनु हुने समाजसेवी सपना राउतले रकम प्रायोजन गर्नुभएको छ ।

सो प्रतियोगिताको लागि कविता समसामयिक विषयमा लेखिएको हुनुपर्ने, ४० वर्ष उमेर ननाघेकाहरू मात्र सहभागी हुन पाउने र कविता अप्रकाशित हुनुपर्ने सर्त राखिएको थियो।

संघले प्रतियोगिताको लागि कविता प्राप्त हुनुपर्ने अन्तिम दिन २०८२ पुस मसान्तलाई तोकेको थियो ।


संघले यसअघि निबन्ध प्रतियोगिता गराएको थियो ।

## पहिलो प्रेमभित्र हराउँदा



*अरूणबहादुर खत्री*

नारी साहित्यकार सरिता शैलीको पहिलो प्रेम नामक कृति २०८२ सालमा पहिलो कृतिको रूपमा प्रकाशित भएको छ । यसभित्र उनले लेखेको कथा, कविता र अनुभव र अनुभूतिहरू छन् । तर यी सबैभन्दा माथि एउटा निरन्तर रूपमा बगिरहने जीवन छ । त्यहि नारीको जीवन जसले कहिल्यै बग्न छोड्दिन । सरिता शैलीको लेखनमा मैले जीवन दर्शन भेटेको छु । प्रेम शब्द आफैँमा गहन र गज्जब छ । एक्लै बस्दा पनि एक्लै हुन नदिने यो चिज अद्भूत




छ । कृतिको रूपमा यो उनको पहिलो प्रयास भएकोले यसभित्र धेरै कमीकमजोरी भेटिनेछन् । अक्षर उनको पहिलो प्रेम त छदै थियो, अब जीवनपर्यन्त योसँगको प्रेमिल सम्बन्ध कायमै रहनेछ । यसभित्र शैलीका कथाहरू नौवटा छन्, कविताहरू एक्काइसवटा छन् र अनुभव र अनुभूतिहरू एघारवटा छन् ।

आफैंलाई नियाल्दा शीर्षकको पहिलो कथामा दशैं नजिकै आइसकेको थियो । मेरो छटपटाहट भने बढ्दै गइरहेको थियो । अब के गर्ने ? कता जाने ? यो समयको सदुपयोग कसरी गर्ने ? मनभित्र यस्तै प्रश्नहरू उनमा उठिरहेका थिए । काठमाडौंबाट इलाम जाने समूहमा शैलीको कसैसँग पनि चिनजान र सम्पर्क थिएन । त्यसैले समूहमा जाने गाडी पनि शैलीले पाउन सकिनन् ।

सानीको नयाँ घर शीर्षकको कथामा बिहेपछिको पहिलो दिन सानी स्कुल जाने तयारी गर्दै थिई । आमाले हरियो घाँघर, सुरूवाल र सेतो ओढ्नी किनिदिनुभएको थियो । वैशाख महिना थियो स्कुलहरूमा फागुनदेखि नयाँ शैक्षिक सत्र सुरू हुन्थ्यो त्यति बेला । केही दिनदेखि पढाइ छुटेको थियो । त्यसैले स्कुल जान सानी उत्साहित थिइँ भनेर लेखिएको छ । आफूभित्र अन्धकार नमेटी उज्यालो भेटिदैन भन्ने गहिरो सत्य यसभित्र व्यक्त भएको छ ।

अक्षर मेरो पहिलो प्रेम शीर्षकको कथामा समयको खेल, किशोरावस्थाको प्रारम्भ मै दुलही बनाइएँ म एक अञ्जान व्यक्तिका लागि । कसैले सोधेन मलाई कसैसँग प्रेम छ कि भनेर । न त मैले बोल्ने हिम्मत गर्न सके कि म उसँग प्रेम गर्छु, उसैसँग जीवन बिताउन चाहन्छु भनेर । तर बिहेपछि पनि मैले उसँग प्रेम गरिरहे । मैले भुल्न सकिन । मेरो मनबाट ऊ कहिल्यै टाढा हुन सकेन भनेर शैलीले लेखेकी छिन् । भकुन्डो शीर्षकको कथामा गृहकार्य गर्दागर्दै सानीको हात लुलो भयो । कापीमा कताबाट पानीको थोपा झर्‍यो लेखेको अक्षर धमिलो भयो । कठै त्यो पानीको थोपा त आँखाबाट पो झरेको रहेछ भनेर लेखिएको छ ।

शैलीका कविताहरू सुन्दर छन् । प्रिय मन चौतारी लेखन कुञ्ज !!! शीर्षकको कवितामा चौतारी एउटा यस्तो ठाउँ जहाँ शरीरले बोकेको भारी बिसाइन्छ सुस्ताइन्छ पसिना पुछिन्छ केही बेर थकाइ मारिन्छ भनेर लेखिएको छ । लन्डन ड्रिम्स शीर्षकको कवितामा बेलायतका सहर घुमी घुमी हेरौला टावरब्रिज, लन्डन आइ रमाएर चढौंला सफा चिल्ला सडकमा राता बसमा गुडौला भनेर शैलीले लेखेकी छिन् ।

जीवनसाथी शीर्षकको कवितामा तिम्रा नजरमा तिमी सही छौ मेरा नजरमा म सही छु तर, जब तिमी अरूका नजरले हेर्न थाल्छौ जब अरूका कानले सुन्न थाल्छौ सही र गलत छुट्याउने शक्ति गुमाउँछौ मनको अन्धो भई हेर्ने शक्ति हराउँछौ भनेर लेखिएको छ । मलाई सबैभन्दा बढी छोएको पक्ष के हो भने जति धेरै दु:ख आए पनि लेखिका शैलीले आफ्नो सर्जक मनलाई मन दिएको देखिदैन । यही नै स्रष्टाको सबैभन्दा ठूलो विजय हो ।

मादीखोलादेखि चियाबगानसम्म शीर्षकभित्र बुबा सरकारी जागिरे । सरूवा भइरहने एक जिल्लाबाट अर्को जिल्लामा । यसै क्रममा पूर्व मेचिको इलामदेखि पश्चिम महाकालीको कञ्चनपुरसम्म पुगियो परिवारका सबैजना । जुन जिल्लामा पुगे पनि सरकारी अफिसरको मान, सम्मान र खातिरदारी मिल्ने भनेर लेखिकाले लेखेकी छिन् । घरमा खाना बनाउने, सरसफाई गर्ने आदि दैनिक काममा समेत आमाले धेरै दु:ख गर्नु नपर्ने सहयोगीहरू हमेसा तयार रहने भनेर लेखिएको छ । सिजन फूलबारी शीर्षकभित्र जीवनको करिब तिन दशक लामो शिक्षण अनुभवमा देश र विदेश गरी हजारौ विद्यार्थीहरूको सम्पर्कमा आइयो । सयौ शिक्षक साथीहरूसँग भेट भयो, तर सम्झना भने नेपालकै धेरै आउने गर्छ शैलीलाई । एकता सदन स्कुलमा शिक्षण गर्दा पनि थुप्रै विद्यार्थीहरूसँग समय बिताउने अवसर मिल्यो उनको । त्यही बेलाको छात्रा कान्ति थापा अहिले अमेरिकामा बस्छिन्, अहिलेसम्म पनि उनीसँग सम्पर्कमा आइरहन्छिन् ।

सवादी खा ! खापुन खाब ! शीर्षकको अनुभूतिमा लेखिकाले जीवनमा पहिलो विदेश भ्रमण गरेको देश थियो थाइल्याण्ड । सन् २००५ मा उनी थाइल्याण्ड पुगेकी थिइन् । त्यति बेला त केवल एक हप्ताको भ्रमण थियो पर्यटकका रूपमा । मुख्य सहर र पर्यटकीय क्षेत्रमा अङ्ग्रेजी भाषा प्रयोग गरिने भएकाले खासै समस्या परेन भनेर लेखिएको छ । भियतनाममा मायाको भाषा शीर्षकभित्र थाइल्याण्ड बसेर शिक्षण पेशा गर्दै गर्दा एक पटक भियतनामको हो चि मिण्ड सहर जसलाई साइगोन सहरका रूपमा पनि चिनिन्छ जाने मौका शैलीको मिल्यो । २०१८ को मे महिनामा पहिलोपटक साइगोन सहरको टिआइए एअरपोर्टमा जहाजमार्फत उनले अवतरण गरिन् । अन्त्यमा सरिता शैलीको यो पहिलो कृति सबै पाठकले एकपटक पढिदिन आग्रह गर्न चाहान्छु ।

कृति: पहिलो प्रेम लेखक: सरिता शैली प्रकाशक: लेखन कुञ्ज, थापागाउँ
सम्पादक: पूर्ण ओली प्रथम संस्करण: २०८२ फागुन पृष्ठ: १८४




**आम महिलाहरुका लागि सरकारले चलाउन थालेको ब्लूबसबाट महिलाहरु खुशी छन् । सुरक्षा पनि, सहुलियत पनि ।**

## माहिला साहिलाको पसिना सधैं कतारमा



शरीरभरि जतातत्तै खल्ती भएपछि
खल्ती भर्ने चाहनाले गल्ती भएपछि
खल्ती-गल्ती च्यातिइन धेरै कहाँ लाग्छ !
यत्रतत्र विरोध गर्ने चल्ती भएपछि ।

**- इन्द्रकुमार श्रेष्ठ**



बतास बेला, बेलामा ठोकिँदै सताई रहन्छ
समयले जिवनमा एउटै कुरा जताई रहन्छ
खराब संगत नगर्नु बरू एक्लै हिड जिन्दगी
झस्काउदै दिल, अर्ती उपदेश बताई रहन्छ ।

**- गंगा दहाल**



एकछाक छोड्नु मृत्युको खवर सुन्दा
सम्बन्ध तोड्नु मृत्युको खवर सुन्दा
नझार्नु अश्रुधारा ती याँदहरू सम्झिएर
दुख्ला मनबाटै मोड्नु मृत्युको खवर सुन्दा ।

**- विद्या भण्डारी**



प्रेम र अहिंसाबाट नै मानवताको विकास हुन्छ
प्रत्येक जीवजन्तु प्राणीमा भगवानको बास हुन्छ
एउटै मन एउटै आत्मा बाँच्ने रहर पनि उस्तै
तर पनि जीवजन्तु स्वाद कै लागि गास हुन्छ ।

**- लीला दाहाल अधिकारी**



परिश्रम नै गाह्रो भो जोगी बन्छ उ
खान नपाएर अब भोगी बन्छ उ
प्रत्येक पल असमर्थता छ उसको
केही सहारा नपाई ढोंगी बन्छ उ ।

**- गंगा लिगल**



स्वास भएर पनि पशुपन्छी झै बोल्न सक्दिन
टुलुटुलु हेरेर आँखाले मनको कुरा खोल्न सक्दिन
तर लाटी नठान्नु होला बोलक्कड ज्युहरूले
प्रमाणका तमसुक मनको तखतामै पोल्न सक्दिन

**- उषा केसी**




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# संघीयता, गणतन्त्र र लोकतन्त्रमाथि प्रश्न

रास्वपालाई ५ वर्षको लागि मतादेश दिएपछि बालेन सरकार बन्यो र बालेन सरकारले संविधान संशोधनको लागि कार्यदल बनाएर सुझाव संकलन गरिसकेको छ । सुझावपछि पुराना दलहरू यसरी तरङ्गित भए कि उनीहरू संघीयता, लोकतन्त्र र गणतन्त्रसमेत प्रश्नको घेरामा पऱ्यो भनेर चिन्ता प्रकट गर्न थालेका छन् ।

संविधान निर्माण गर्दा जनतासँग सुझाव मागेर ती सुझावलाई संविधानमा समावेश नगरिएकै हो । भारतले केही दिन पर्खनु भन्दा ८ वर्ष लगाएर निर्माण गरेको संविधान फास्ट ट्र्याकबाट जारी भएकै हो । २०६५ साल जेठ १५ गते चुनाव हारेका कृष्ण प्रसाद सिटौलालाई संसदमा प्रवेश गराएर उनीमार्फत गणतन्त्र कार्यान्वयन गरिएकै हो । अवैध तरिकाले गणतन्त्र कार्यान्वयन भएकै हो । त्यसपछिका सरकारका कृयाकलापले जनताका अपेक्षा, देशको सार्वभौमिकतामा पटक पटक प्रहार भएकै हो । जनताले सडक आन्दोलन, अभिव्यक्तिबाट सरकारलाई सचेत गराउँदा सरकारले टेरपुच्छर नलगाएकै हो । क्षेत्र क्षेत्रका जनताले पूर्वराजालाई अभिनन्दन गरेर गणतान्त्रिक व्यवस्थामाथि प्रहार गर्दा पनि कांग्रेस, माओवादी, एमाले, मधेशवादीहरू सिद्धान्तसमेत त्यागेर अपवित्र गठबन्धन गर्दै भाग शान्ति जयनेपाल सरकार चलाएकै हुन् । गणतन्त्र, लोकतन्त्र, संघीयता भनेको लूटतन्त्र हो भनेर ती दलहरूले प्रमाणित गरेकै हुन् । बाध्य भएर जनताले आन्दोलन गरे, त्यो आन्दोलनलाई सम्पन्न गर्न जेनजी पुस्ताले बिद्रोह गरिदिए । यो नयाँ पुस्ताको बिद्रोह यति ठूलो सुनामी थियो कि ४ दशक शासन गरेर, शासनमै रहेकाहरूको भागम्भाग भयो । २७ घण्टामा सरकार ढल्यो । वास्तवमा गणतन्त्र, लोकतन्त्र, संघीयतावादी हामी हौं भनेर पुराना कुनै पनि पार्टी भुँइमा उभिनसमेत सकेनन्, सिलाखोज्दा नभेटिने दिन पनि देखियो ।

ती पुराना सबै दल र नेतालाई जनताले फागुन २१ को चुनावमा स्वाद चखाइदिए । किनारा लगाइदिए । बीउका रूपमा संसदमा एक्लो बृहस्पतिका रूपमा पूर्व माओवादी, हालका नेकपा अध्यक्ष प्रचण्डमात्र छन् । उनी हामी पनि जिल्ला जिल्लामा ५-७ लाख उतारेर एकैदिनमा सत्ता परिवर्तन गर्नसक्छौं भनेर फुइँकी हाँकिरहेका छन् । यथार्थमा अझै पनि पुराना दलका नेताहरू खुलेआम आमसाधारणको वीचमा उभिन र अभिव्यक्ति दिनसक्ने स्थितिमा अहिले पनि छैनन् ।

तर तिनले सडक, सदन र सामाजिक सञ्जालमा बालेन सरकारलाई राष्ट्रघाती, जनघाती भनेर आरोप लगाइरहेका छन् । तिनको आलोचनालाई प्रम बालेन साहले एककानले सुनेर अर्को कानले उडाइरहेका छन् भने रास्वपा पार्टी सभापति रवि लामिछानेले कमी कमजोरी होलान्, सरकारले सच्याउने र हामीवीच कुनै पनि मतभेद नरहेको र ह्यूमरलाई मतभेदका रूपमा नबुझ्न आग्रह गरेका छन् ।

अर्थात् बालेन सरकार मजबुत छ, रास्वपा एक छ । यो एकताले संविधान संशोधन गर्न लागेको कि पुनर्लेखन गर्न थालेको हो ? स्पष्ट छैन भनेर पुराना दलका नेताहरू संघीयता, लोकतन्त्र र गणतन्त्र प्रश्नको घेरामा परेको दाबी गरिरहेका छन् । बालेन सरकार र रास्वपालाई संविधानबाट संघीयता, लोकतन्त्र र गणतन्त्रलाई नचलाउन चेतावनी दिंदै पुराना दलहरू एक हुने तरखरमा छन् भने अस्तित्व बचाउनका लागि मधेशवादी दलहरूमा पनि एकता सुरू भएको छ । माओवादी जसले माओवादलाई बिसाएर नेकपाको चोला फेरेको छ- ले जनयुद्धको सम्झना गर्दै ठूलो त्याग र तपस्याले आर्जन गरेका परिवर्तनलाई नमास्न खबरदारी गरेको छ । तथापि अहिले पनि बालेन सरकारले डेलिभरी दिन खोज्दा राजनीतिले बनाएको भ्रष्ट कर्मचारीतन्त्रले सघाइरहेका छैनन् । सानो तिनो अपरेशनले नहुने भएपछि पद्धति परिवर्तन र सुशासनको जग बसाल्न ठूलै निर्णयको मोडमा देखिन्छ सरकार ।

# प्रम बालेन– जनता निर्णायक हुन्, हेक्का रहोस्




प्रम बालेनले संसदलाई बेवास्ता गरेका छन् । आफ्नै नेतृत्वको सरकारको कार्यक्रम पढिरहँदा राष्ट्रपतिलाई अपमान हुनेगरी संसदबाट बाहिरिए । सुकुम्वासी बस्ती उठाए तर व्यवस्थापन गर्न ढिला गरिरहेका छन् । संसदमा बोल्दा भारतको भूमि नेपालले पनि मिचेको देखेर आश्चर्यमा परे भन्ने अभिव्यक्ति दिंदा विपक्षीले अहिले पनि आलोचना गरिरहेका छन्, सच्याउन भनिरहेका छन् ।

बालेन साह जनताको प्रतिनिधि हुन् । प्रधानमन्त्री बनेपछि उनले संसद र जनतासँग जोडिनैपर्छ । प्रम बालेनको नियतमा खोट छैन, भ्रष्टाचार गरे भन्ने कुनै समाचार पनि आएको छैन । बालेनले देश बनाउँछ भन्ने विश्वास अझै कायम नै रहेको छ । बालेनका लागि पर्खाल बनेर उभिन ठूलो जनमानस तैयार छ ।

तथापि प्रम बालेन साहले आफ्नो गतिविधिलाई संसद र जनतासँग जोड्नैपर्छ । आफ्ना कार्यक्रम र कार्यान्वयनबारे जानकारी दिनैपर्छ ।

हो, ४ महिनाको अवधिमा सुशासनका लागि प्रम बालेन साहसँग फुर्सद भएन होला । यसकारण उनले विदेशी राजदूतहरूलाई सामुहिक भेट गरे । नेपाल कमजोर छ, सहायता चाहिन्छ, बिना आर्थिक सहयोग आफ्नै सामलले विकासमा गति ल्याउन सकिने स्थिति छैन । यसकारण पनि सरकार राजनीति र कूटनीतिमा सकृय देखिनुपर्छ ।

बल्ल प्रम बालेन साह भारत र चीनका राजदूतसँग भेटवार्ता गर्दैछन् । विदेशी दाताहरूसँग नरम बनेका छन् । भारतको भ्रमण गर्न एजेण्डा तय गर्दैछन् । भारतसँग रहेका र भएका समस्याहरू समाधान गर्न इच्छुक देखिएका छन् । नेपालीको अपार र ऐतिहासिक जनादेश पाएको बालेन सरकारले धेरै कुरा गर्नसक्छ । हुन त पहिलो वर्ष सुशासन बसाल्ने भनेको छ, सुशासनका लागि बालेन सरकारले धेरै गरेको छ ।

हो, ग्यासको समस्या, चिया निर्यातको समस्या, अन्य इन्धनको समस्या छन् । आफ्नो उत्पादन छैन, आयात गरेर परिपूर्ति गर्दा समय समयमा अनेक अल्झो आउँछन् । ती सबैलाई कूटनीतिक सम्बन्धबाट संवोधन गर्नैपर्छ । बालेन सरकारले गरेको पनि छ ।

अब सुशासन सुशासन भनेरमाब हुन्न, सुशासनमा ध्यान, राजनीति र कूटनीतिसँग जोडिएर अगाडि बढदा सरकार सफल हुनेछ । जनादेश पाएर मात्र हुन्न, सम्बन्धले बढी काम गर्नुपर्नेछ । सायद यही बुझेर होला, प्रम बालेन बिस्तारै कूटनीति सुधार्नतिर लागेका छन् भने अब राजनीतिमा जोडिन, जनता र संसदसँग हातेमालो गर्नु चुनौती छ ।

हो, २०६३ सालमा राजाले संसद ब्यूँताइदिएपछि ७ दलले विदेशपरस्त भएर दिल्लीमा गरेको १२ बुँदे सम्झौताले अस्थिरता ल्याएर नेपालै कब्जा गर्ने भारतीय रणनीतिका हिस्सेदार बन्दा नेपालको दुर्गति भयो । भारतले जतिसुकै हस्तक्षेप, अत्याचार र सिमा अतिक्रमण गरे पनि सतिसालजसरी उभिने र देशहितमा बोल्नसक्ने, अड्नसक्ने साहस कुनै नेताले देखाएनन् ।

त्यसपछि जनतालाई सोध्न थाले- किन राजा फालियो, हिन्दुधर्म फालियो, संघीयता भित्र्याइयो ? जनतालाई सोधिएन । जनआक्रोश र असन्तोष बढ्दै गयो । यदि हुँदा पनि नेतृत्व जवाफदेही भएन । गैह्र जिम्मेवार भइरहे ।

खोटा सिक्काका दुबै पाटा बने तत्कालीन राजनीतिका पक्ष र विपक्षीहरू । केपी ओली, देउवा, प्रचण्डदेखि विप्लव र सीके राउतलगायतका सबै नेताहरू सत्ता स्वार्थमा रमाइरहे । भ्रम छरेर सत्ता चलाइरहन चाहने तत्कालीन नेतृत्वविरूद्ध अन्ततः जनताले विद्रोह गरे । जेनजी पुस्ताले डरलाग्दो बिद्रोह गरेकै हुन् र आजको परिवर्तन देखिएको हो ।

हिजोको नेतृत्व, जो देश र जनताको थिएन, जात्रे बने, रत्नपार्कमा चटक देखाएजसरी जात्रा देखाउनमै रमाइरहे । नेता भए पो राजनेता बन्ने भोक हुन्छ, रिमोटमा चल्नेहरू *'उतनी चली खिलौना, जितनी चावी भरी राम ने ।'* यथार्थमा नेपालमा भारत महाराजको शासन थियो, अमेरिका र चीन पनि घुसेका छन् । नेताले खाने विदेशी पेडा थियो, नेपालले खाने गोल हो, बचाउने गोलकिपर थिएनन्, गोलपोष्ट नै खाली खाली थियो ।

जनयुद्धबाट उत्पादित प्रचण्ड न मार्क्सवादी न गान्धी बन्न सके । जेनजीले विद्रोह गरेपछि माओवादी बिसाएर प्रचण्ड नेकपाको गठन गर्दै आफ्नो राजनीतिक अस्तित्व बचाउन बाध्य भएका छन् । देउवा र ओली तथा अन्य ससाना नेताहरूको अस्तित्व खरानी हुनपुग्यो ।

२०६३ सालको परिवर्तनमा मुख्य भूमिका खेलेका माओवादी प्रचण्ड २०६५ सालमा प्रधानमन्त्री नै बने । प्रधानमन्त्रीबाट खुस्केपछि प्रचण्ड संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव बान कि मुनलाई भेटेर फर्किए र लुम्बिनीको विकासका लागि अन्तर्राष्ट्रिय सम्मेलन गर्ने घोषणा गर्नपुगे, जुन आजसम्म हुनसकेन । त्यतिबेला प्रचण्डको उक्त घोषणाका बारेमा इण्डियन एक्सप्रेस पत्रिकामा पूर्व 'र' प्रमुख पीके हर्मिस थाराकानको लामो विश्लेषणात्मक लेखमा टिप्पणी प्रकाशित भयो- 'प्रचण्ड मार्क्सवादी गान्धी हुन् ।' 'र' प्रमुखको टिप्पणीलाई 'प्रचण्ड 'र'का एजेण्ट हुन् भन्ने एमाओवादीका महासचिव रामबहादुर थापाको आरोप र 'प्रचण्डले क्रान्तिकारी गद्धारी गरे' भन्ने बैद्यको आक्षेप पनि सुन्नमा आयो । आज रामबहादुर थापा भुटानी शरणार्थी बनाएर मान्छे बेचेको आरोपमा दण्डित भएका छन् भने बैद्य केही बोल्दैनन् । राजनीतिमा सत्तास्वार्थ कतिसम्म मजबुत हुनेरहेछ भन्ने दृष्टान्त कांग्रेस, माओवादी, एमालेले देखाए, सिद्धान्त, निष्ठा र नीतिसमेत परित्याग गरे । गजब त के देखियो भने प्रचण्डको टाउको ल्याउनेलाई बोराभरि पैसा दिन्छु भन्ने तत्कालीन प्रधानमन्त्री तथा नेपाली कंग्रेसका सभापति शेरबहादुर देउवासँग लामो सहकार्य गरे ।

हिंसाको हतियार र हिंसाका मतियार कांग्रेस, एमाले, माओवादीले २०६३ को परिवर्तनपछि निरन्तर आलोपालो शासन गरिरहे, राष्ट्रिय सम्पत्ति र ढुकुटीको भागशान्ति जयनेपाल गरिरहे । जसले जनमानसमा असन्तुष्टि व्यापक बनाउँदै लगेको थियो । जसको परिणाम जेनजी बिद्रोह हो र यही बिद्रोहले ठूला र स्थापित दलहरूलाई किनारामा पुऱ्याइदियो ।

पुराना दलहरूको लामो राजनीतिक सहयात्रा र सत्ता साझेदारीमा कसैले न्याय पाएनन् । भ्रष्टाचारका अनेक काण्डहरू घटे । सांसद, संवैधानिक पदहरूसम्म बिक्री भए, उपहारमा दिइयो । त्यो सबै दुर्भाग्यपूर्ण घटनाले जेनजी बिद्रोह निम्त्यायो, ७६ भन्दा बढी नयाँ पुस्ताको ज्यान लिएपछि पुरानो नेतृत्व गत फागनु २१ को चुनावबाट पाहा पछारिएजसरी पछारिएको हो । बालेन सरकार जन्मियो, ४ महिनामा पुराना भ्रष्टाचारीहरूको सातो खाइसकेको छ । प्रम बालेनका सहयोगीहरू भन्छन्- 'देखते जाओ, आगे आगे होता है क्या ?'

अतिराजनीतिले देश बिगारेको थियो । त्यसलाई सच्याउन र सुशासन दिन प्रम बालेन कस्सिएर लागेका छन् । झण्डै दुई तिहाइको बालेन सरकारलाई रास्वपाले पूर्ण विश्वास गरेको छ ।

न नीति थियो, न नैतिकता । बालेन सरकारले नीति, निष्ठा र नैतिकपूर्ण काम गर्ने, आफ्नो राष्ट्रवादमा शंका नगर्न पटक पटक आग्रह गरेका छन् । बालेन सरकारले न्यायालयदेखि संवैधानिक पदहरूबाट हुने कार्यमा स्वच्छता ल्याउन प्रयास गरेका छन् भने नयाँ नियुक्तीहरूमा योग्यताको कदर गर्दैछन् । जनतालाई दिनहुँ चाहिने सेवा सहज रूपमा पाउनुपर्छ भन्ने नीति अख्तियार गरेका छन् । हिजो असक्षमले हाँकेको गाडी र भ्रष्टले चलाउने लोकतन्त्रमा बाहुबली देखिन्थ्यो, अहिले त्यस्तो लथालिङ्ग रोकिएको छ ।

राजनीति व्यापार होइन, सेवा हो भन्ने परिभाषा सतहमा आएको छ । सत्ता पाए सबै ठिक, नपाए सडक बिलाप गर्ने परम्परा एकाएक रोकिएको छ । जनताले ५ वर्षका लागि चाहिंदो मतादेश दिएकाले सत्ता र शक्तिको प्रतिस्पर्धा जित्न दिल्लीलाई 'नमस्तुते' गर्ने क्रमभङ्गता भत्किएको छ ।

माओवादी मोहन वैद्यले २०६३ को परिवर्तनपछि भनेका थिए- 'हिरो र भिलेन' छुट्याउन गाह्रो भो । परिवर्तनको १७ वर्षपछि पनि स्थिति त्यस्तै अन्यौलपूर्ण थियो । बिद्रोह र चुनावपछि अन्यौल हटेको छ । रास्वपा हिरो, बाँकी पार्टीहरू भिलेन सावित हुनपुगेका छन् ।

हो, माओवादीका ज्यानमारा बालकृष्ण ढुङ्गेलले लेखेको संविधान हो यो, यही संविधानले उनलाई ज्यानमारा दण्डबाट माफी पनि दिएको थियो । सायद यसैले रास्वपा यो संविधानमा संशोधन चाहन्छ, संशोधनका लागि रायसुझाव संकलन गरेर सरकारमा पुगिसकेको छ । प्रधानमन्त्रीय पद्धतिमा संशोधन हुनलागेको भनेर प्रतिपक्षीहरू जनयुद्धको उपलब्धि गुम्न लाग्यो भनेर स्यालहुइया गर्न थालेका छन् । प्रतिपक्षीको आँखाले रास्वपाले संविधान नै पुनर्लेखन गर्न लागेको आशंका गरेको छ ।

बुद्ध नेपालमा जन्मे, बुद्धत्व बोधगायमा प्राप्त गरे । धर्मदेसना सारनाथमा भयो, महापरिनिर्माणको थलो कुसिनगर बन्यो । १८९६ मा पाल्पाका बडाहाकिम खड्गशमशेर र जर्मनका डा.फुररले अन्वेषण गरेर सम्राट अशोकले निर्माण गरेको अशोक स्तम्भको खुलासा गरेका थिए । स्तम्भ छ, नेपालमा अझै शान्ति छैन । इतिहास भन्छ- कलिङ्गको युद्धमा लाखौंलाखको लाश देखेका सम्राट अशोक 'मैले के जिते खोई ?' भनेर आफैप्रति घृणित भए । लुम्बिनी आएर बुद्धमार्गी बने । 'बुद्धम् शरणम् गच्छामी' को मन्त्र पढेर आत्मशान्तिको खोज गरे ।

लोकतान्त्रिक गणतन्त्रको मन्त्र जपेर नथाक्ने र ०४६ सालपछि निरन्तर सत्तामा ढलीमली गर्नेहरू भ्रष्टाचारमा गनाए, कोही उभिन सकेनन् अशोक स्तम्भजस्तो । प्रजातन्त्रको ढोल पिटेर ल्याएको बहुदल भ्रष्टाचारको बहुलातन्त्र बन्यो । १७ हजारभन्दा बढी मान्छे मारियो जनयुद्धमा । त्यसका नेता आज आफ्नै अस्तित्व जोगाउने ठाउँमा छन् । आज तिनै भ्रष्टाचारको छानबिन होला भनेर त्रसित छन् । भयभित छन् ।

बहुदलपछिको चार दशकको राजनीतिक परिदृश्यमा बुद्धको निर्वाणको भाव कसैमा आएन । हरेक नेताले राष्ट्रियतालाई हाट बजारमा खोयाविर्के रक्सी बेचेझैं बेचे । मारूनी नचाए झैं नचाए । एउटा माओवादी टोपबहादुर रायमाझी थिए, टोपी र दौरासुरूवाल लगाएका थिए । मान्छे बेचेको आरोपमा जेलमा सडिरहेका छन् । कुनै नेताले राष्ट्रनिर्मातालाई चिन्न सकेनन्, अनियमिततामा कारवाही नहोस् भनेर सरकारविरूद्ध हकार र डकार गर्न छाडेका छैनन् । यिनीहरू कहिले ऐना हेर्दैनन्, हेरेको भए देख्ने थिए, अनुहार कति विकृत भइसक्यो भनेर ।

सर्वहारावाद, जनवाद र समाजवाद बोकेकाहरू आफै सर्प बनेर व्यभिचारमा घिस्रिरहेका छन्, र सर्प नाच देखाएर जन जनको सातो लिइरहेकै छन् ।

पूर्वराजा संवाद, सहमति र सहकार्यको सुझाव दिइरहेकै छन् । रास्वपा र प्रम बालेनलाई असफल पार्न पुराना दल र नेताहरू अनेक षडयन्त्र गरिरहेका छन् । अहिले उठेको जातीय, क्षेत्रीय, धार्मिक हिंसाको प्रयत्न पनि बालेन साहलाई असफल पार्ने साजिस नै हो । हरेक साजिसलाई प्रम बालेन र रास्वपा चिर्दै अघि बढिरहेको छ । विपक्षीहरूको बिरोध थामिएको छैन, यो सबै विचार गरेर प्रम बालेन र रास्वपाले जनता, संसद र सामाजिक सञ्जाल सबैतिर जोडिनुपर्छ । जनता निर्णायक शक्ति हुन्, हेक्का रहोस् ।






# विश्वमा बधशाला र मासुको प्रचलन

वधशालाहरू ती ठाउँहरू हुन् जहाँ मासुको लागि जनावरहरूको वध गरिन्छ । यी ठाउँहरूमा । विशेष गरी विकासशील देशहरूमा । खराब सरसफाइ अभ्यासहरूले मानव स्वास्थ्यको लागि महत्त्वपूर्ण जोखिम निम्त्याउँछ । नियमनको अभाव र कमजोर अवस्थाले जनावरहरूबाट मानिसमा रोगहरू फैलाउन सक्छ । विशेष गरी जनावरहरू र पशु उत्पादनहरूको नजिक रहेका वधशालाका कामदारहरूमा मासु मानव पोषणको एक महत्त्वपूर्ण घटक हो । जसले स्वास्थ्य कायम राख्न भिटामिन । बी भिटामिन र एमिनो एसिड जस्ता आवश्यक पोषक तत्वहरू प्रदान गर्दछ । मासुको उपभोगको लामो इतिहास र प्रशोधनको क्रममा रोगजनकहरूसँग सम्भावित दूषितताको कारणले गर्दा यसले महत्त्वपूर्ण स्वास्थ्य जोखिमहरू पनि निम्त्याउँछ । यी रोगजनकहरू जनावरहरू । मानव ह्यान्डलरहरू । दूषित उपकरणहरू । र उपचार पानी सहित विभिन्न स्रोतहरूबाट उत्पन्न हुन सक्छन् ।

वधशालाको अवधारणा १८९० मा सुरू भयो । जुन पहिलो विश्वयुद्धसम्म लाभदायक उद्यम बन्यो । वधशालाहरूको विकास देश अनुसार फरक हुन्छ । जुन सामाजिक स्थिति । वध गरिएका जनावरहरूको प्रकार र सांस्कृतिक अभ्यासहरू जस्ता कारकहरूबाट प्रभावित हुन्छ । विकसित राष्ट्रहरूमा । वधशालाहरू प्राय: ठूला हुन्छन् ।

मासु प्याकिङमा केन्द्रित औद्योगिक सुविधाहरू:

वधशालाहरूलाई क्षेत्रीय । सांस्कृतिक र धार्मिक कारकहरूको आधारमा चार प्रकारमा वर्गीकृत गर्न सकिन्छ । यसमा उच्च-मूल्यको घरेलु र निर्यात बजारहरूलाई पूरा गर्ने आधुनिक सुविधाहरू । ठूला पुराना सरकारी स्वामित्वमा रहेका प्रतिष्ठानहरू । साना देखि मध्यम आकारका नगरपालिका वा निजी वधशालाहरू । र स्लेबाहरू; भनिने समुदाय-स्तरीय वधशालाहरू समावेश छन् । नियामक निकायहरूले वधशालाहरूलाई जनावरहरूको प्रशोधन र प्रशोधन र मानव उपभोगको लागि बनाइएका मासु उत्पादनहरूको भण्डारण र संरक्षणको लागि अधिकार दिन्छन् ।

नेपाल सरकारले उपभोक्ताको स्वास्थ्य र स्वच्छ मासुको उपलब्धता सुनिश्चित गर्न देशभर चरणबद्ध रूपमा वधशाला तथा मासु निरीक्षण ऐन । २०५५; लागू गर्ने तयारी गरिरहेको छ ।

यसका लागि कृषि । वन तथा वातावरण मन्त्रालयले निर्णय गरेको छ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वय गरेको छ र आवश्यक तयारी र व्यवस्थापनका लागि देशभरका सबै स्थानीय तहमा पत्र पठाइएको छ । ऐन कार्यान्वयनको प्रक्रियालाई सुव्यवस्थित गर्न मन्त्रालयले स्थानीय तहसँग समन्वय गरेर अगाडि बढिरहेको छ ।

मन्त्रालयको निर्णय अनुसार यो ऐन तीन फरक चरणमा लागू गरिनेछ । यसअन्तर्गत पहिलो चरणमा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिले ४ महिना भित्र काठमाडौं । ललितपुर र भक्तपुर जिल्लाका सबै स्थानीय तहमा यो ऐन पूर्ण रूपमा लागू हुनेछ । त्यस्तै दोस्रो चरणमा राजपत्रमा सूचना प्रकाशित भएको मितिले ६ महिना भित्र देशभरका अन्य सबै नगरपालिकाहरूमा ऐन लागू गरिनेछ र तेस्रो चरणमा १ वर्ष भित्र देशका सबै गाउँपालिकाहरूमा ऐन कार्यान्वयनमा ल्याउन नेपाल राजपत्रमा सूचना प्रकाशित गर्ने निर्णय गरिएको छ ।

विभागले काठमाडौं उपत्यकाका स्थानीय तहमा ऐन कार्यान्वयन गर्दा आउन सक्ने व्यावहारिक कठिनाइहरूलाई सहज बनाउन विज्ञहरूको टोली खटाउने निर्णय पनि गरेको छ ।

पशु सेवा विभागले संघीय र स्थानीय सरकारहरू बीच समन्वय गर्नेछ र आवश्यक जनशक्तिको क्षमता अभिवृद्धि । तालिम सञ्चालन गर्ने र मासु निरीक्षक र मासु पर्यवेक्षकहरूको नियुक्तिको प्रक्रिया अगाडि बढाउनेछ । विभागले देशभरका वधशाला । वधस्थल र मासु पसलहरूको हालको विवरण अद्यावधिक गर्नेछ र मासु निरीक्षणको लागि आवश्यक पर्ने सामग्रीहरूको नमूना तयार गर्नेछ ।

काठमाडौंमा दर्ता नभएका वधशालाहरूले बजारमा अस्वच्छ भैंसीको मासु वितरण गरिरहेको पाइएको छ । जसले जनताको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउँछ । काठमाडौंको सबैभन्दा ठूलो वधशाला क्षेत्रहरू मध्ये एक इनायटोल । जहाँ शहरको बढ्दो माग पूरा गर्न हरेक दिन २०० सम्म भैंसीको वध गरिन्छ । सरसफाइको हिसाबले राजधानीमा सबैभन्दा खराब मानिन्छ । इनायटोलले काठमाडौं उपत्यकाभरि दैनिक २ ।२०० किलोग्राम भन्दा बढी गाईको मासु वितरण गर्दछ । जुन वधशाला क्षेत्रमा खराब सरसफाइ अवस्था र अभ्यासहरूको कारण उपभोगको लागि अत्यन्त असुरक्षित मानिन्छ । फोहोर । दुर्गन्धित क्षेत्रहरूमा मासुको लागि पशुधन काटिएको पाइन्छ । मासु वितरण पशु वध तथा मासु निरीक्षण ऐन । १९९९ को उल्लङ्घन भएको पाइयो ।

२७ वर्ष पुरानो ऐनले वधशालाहरूलाई जनावरको टाउको काट्नु अघि पशुधनको पूर्व-मार्टम निरीक्षण गर्न स्पष्ट रूपमा निर्देशन दिन्छ । यसबाहेक । ऐनले मरेका जनावरहरूको मासु बेच्न वा वितरण गर्न पनि निषेध गर्दछ । त्यस्तै । यसको वरिपरि फोका भएको मासु वा मिसावट गरिएको भैंसीको मासु पनि अनुमति छैन ।अस्वच्छ र जाँच नगरिएको भैंसीको मासुको सेवनका कारण भैंसीको मासु उपभोक्ताहरूमध्ये कम्तीमा ६२ प्रतिशत विभिन्न सरूवा रोगहरूबाट प्रभावित हुने गरेका छन् ।

मासु जाँच तथा बधशाला निरीक्षणको इतिहास प्राचीन मानव सभ्यतासँग जोडिएको छ । प्राचीन र धार्मिक प्रचलन: प्राचीन मिश्र (इजिप्ट) । बेबिलोन र यहुदी परम्परा (कोशेर कानुन) मा मासुको शुद्धता र पशुको स्वास्थ्य जाँच्ने नियमहरू थिए । आधुनिक युगको सुरूवात: १९ औं शताब्दीमा युरोपमा औद्योगिक क्रान्ति र सहरीकरणसँगै बधशाला निरीक्षणलाई वैज्ञानिक रूप दिइयो । सन् १८८१ मा जर्मनीले वैज्ञानिक मासु निरीक्षण प्रणाली लागू गरेको थियो ।

अन्तर्राष्ट्रिय मापदण्ड: २० औं शताब्दीमा विश्व स्वास्थ्य संगठन (डब्ल्यू एच ओ) । खाद्य तथा कृषि संगठन (एफएओ)र विश्व पशु स्वास्थ्य संगठन (डब्ल्यू ओएएच)ले विश्वव्यापी कोडेक्स एलिमेन्टेरियस; (कोडेक्स एलिमेन्टेरियस)र पशु कल्याण तथा मासु स्वच्छतासम्बन्धी मानकहरू तय गरे । यसअन्तर्गत बध गर्नुअघि (एंटे-मोरटेम) र बध गरेपछि (पोस्ट -मोरटेम) अनिवार्य जाँच गर्ने अन्तर्राष्ट्रिय व्यवस्था कायम भयो ।

१. जनस्वास्थ्यमा मासु जाँच र बधशालाको भूमिका मासुबाट मानिसमा धेरै किसिमका जुनोटिक रोगहरू– अर्थात् पशुबाट मानिसमा सर्ने रोगहरू – सर्ने जोखिम हुन्छ । जुनोटिक रोगको नियन्त्रण: रेबिज । क्षयरोग । ब्रुसेलोसिस । जुकाका लार्भा (सिस्टिसर्कोसिस । हाइडैटिडोसिस) ।र एन्थ्र्याक्स जस्ता घातक रोगहरू रोगी पशुको मासुबाट मानिसमा सर्न सक्छन् ।

जीवाणुजन्य सङ्क्रमण रोक्न: अस्वस्थकर वातावरणमा बध गर्दा मासुमा साल्मोनेला । ई. कोलाई । लिस्टेरिया जस्ता हानिकारक जीवाणुहरू फैलने सम्भावना उच्च हुन्छ । जसले कडा भाइरल वा ब्याक्टेरियल फुड पोइजनिङ गराउँछ । एन्टीबायोटिक र औषधिको अवशेष : पशुलाई दिइएका एन्टीबायोटिक वा अन्य औषधि शरीरबाट पूर्ण रूपमा नहटिकन (निकासी अवधि नपुगी) बध गर्दा ती रसायन मासुमार्फत मानिसको शरीरमा पुग्छन् । जसले मानव शरीरमा; एन्टीमाइक्रोबियल प्रतिरोधात्मकता (एएमआर)बढाउँछ ।

२. मासु जाँचका प्रमुख चरणहरू

वैज्ञानिक मासु निरीक्षण प्रक्रियालाई मुख्य दुई भागमा विभाजन गरिन्छ:

बधअघिको जाँच ((मृत्यु-पूर्व निरीक्षण): पशु बध गर्नुअघि त्यसको शारीरिक अवस्था । हिँडडुल । तापक्रम र रोगका लक्षणहरू जाँचिन्छ । रोगी । सङ्क्रमित वा तनावमा रहेका पशुहरूलाई छुट्ट्याइन्छ वा बध गर्न रोक लगाइन्छ ।



डा. केदार कार्की,

वरिष्ठ पशु चिकित्सक

बधपछिको जाँच (पोस्टमार्टम निरीक्षण):

पशु बध गरिसकेपछि त्यसको मासु । कलेजो । फोक्सो । मुटु र भित्री अङ्गहरूको विस्तृत परीक्षण गरिन्छ । अस्वस्थ वा उपभोगका लागि अयोग्य पाइएका भाग वा सम्पूर्ण मासुलाई नष्ट गरिन्छ र उपभोगयोग्य मासुमा मात्र स्वीकृतिको छाप ((अनुमोदन मुहर)) लगाइन्छ ।

३. नेपालको सन्दर्भ र कानूनी व्यवस्था

नेपालमा सर्वसाधारणलाई स्वच्छ र गुणस्तरीय मासु उपलब्ध गराउन पशु बधशाला र मासु जाँच ऐन । २०५५ जारी गरिएको छ

ऐनका मुख्य व्यवस्थाहरू:

तोकिएको मापदण्ड र पूर्वाधार पूरा भएका बधशालामा मात्र पशु बध गर्नुपर्ने ।

पशु चिकित्सक (मासु निरीक्षक) द्वारा जाँच गराएर स्वच्छ प्रमाणित भएपछि मात्र बिक्री-वितरण गर्नुपर्ने । रोगी पशुको मासु वा असुरक्षित तरिकाले काटिएको मासु बिक्री गर्न प्रतिबन्ध ।

४. विद्यमान चुनौतीहरू

खुल्ला र अस्वस्थकर कटान: नदी किनार । सडकपेटी । र खुला पसलहरूमा परम्परागत तथा अस्वस्थकर रूपमा पशु बध गर्ने क्रम अझै रोकिएको छैन ।

पूर्वाधार र प्रविधिको कमी: धेरैजसो स्थानीय तहहरूमा आधुनिक बधशाला र कोल्ड-चेन पूर्वाधारको अभाव छ ।

दक्ष जनशक्तिको अभाव: नियमित रूपमा मृत्यु-पूर्व निरीक्षण र पोस्टमार्टम निरीक्षण जाँचका लागि पर्याप्त भेटेरिनरी डाक्टर र निरीक्षकहरूको कमी छ । कार्यान्वयनमा सुस्तता: ऐन बनेको लामो समय भइसक्दा पनि अनुगमन र कानूनी दण्ड-सजायको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

५. सुधारका उपायहरू

स्थानीय तहको सक्रियता: नेपालको संविधानअनुसार स्थानीय तहहरूले आफ्नो क्षेत्रभित्र आधुनिक र व्यवस्थित बधशाला निर्माण गरी सञ्चालनमा ल्याउनुपर्छ ।

सार्वजनिक-निजी साझेदारी (पीपीपी):निजी क्षेत्रलाई आधुनिक बधशाला र प्रशोधन केन्द्रहरूमा लगानी गर्न प्रोत्साहन गर्ने ।

उपभोक्ता चेतना: छाप नलगाइएको वा खुल्ला ठाउँमा काटिएको मासु नकिन्न र स्वच्छ मासुको महत्त्वबारे सर्वसाधारणमा सचेतना फैलाउने ।

व्यवसायीलाई तालिम: मासु व्यवसायीहरूलाई सरसफाइ । पर्सनल हाइजिन र मासु भण्डारणसम्बन्धी नियमित तालिम दिने ।

नेपालमा सम्भावनाहरू :

रोजगारी र आधुनिक व्यवसाय: व्यवस्थित र आधुनिक बधशाला निर्माण गर्दा पशुपालन । प्रशोधन र बजारीकरण क्षेत्रमा हजारौं नयाँ रोजगारी सिर्जना हुन सक्छ ।

जुनोटिक रोग नियन्त्रण: व्यवस्थित जाँचले रेबिज । ट्युबरकुलोसिस । जुकाका लार्भा (सिस्टिसर्कोसिस)लगायतका जुनोटिक रोगहरू मानिसमा सर्नबाट रोक्न सकिन्छ । निर्यातको सम्भावना: भारत । खाडी मुलुक तथा अन्य अन्तर्राष्ट्रिय बजारमा गुणस्तरीय र प्रमाणित (एचएसीसीपी/आईएसओ-प्रमाणित)मासु तथा मासुजन्य उत्पादन निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । त्रिस्तरीय सरकारको समन्वय: सङ्घीयतासँगै स्थानीय तहहरूसँग आफ्नै क्षेत्रमा आधुनिक बधशाला निर्माण गर्ने र अनुगमनलाई तीव्रता दिने अधिकार र अवसर छ ।

निजी क्षेत्रको लगानी: पिपिपी मोडलमा आधारित अत्याधुनिक बधशाला र कोल्ड-स्टोर स्थापनामा प्रचुर व्यावसायिक सम्भावना छ ।

मासु मानिसको भोजनको एक प्रमुख स्रोत भए पनि यदि यसको उत्पादन । प्रशोधन र वितरण सुरक्षित तरिकाले गरिएन भने यसले गम्भीर जनस्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । त्यसैले बधशाला निरीक्षण र मासु जाँच जनस्वास्थ्यको दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छन् ।





# मुगुका विष्णुकुमार भाम

रतन बहादुर रावल, मुगु

सङ्घर्ष, सामाजिक सेवा र दृढ इच्छाशक्ति भएका एक राजनीतिक तथा सामाजिक व्यक्तित्वको नाम हो–मुगुका का विष्णु कुमार भाम । हाल मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका का नगर प्रमुख रहेका भाम, जनताको मनमुटुमा बस्न सफल एक लोकप्रिय नेता र गरिब, दुखी एवं निमुखाहरूका भरपर्दो सारथी हुन् । जन्म र पारिवारिक पृष्ठभूमि विष्णु कुमार भामको जन्म वि.सं. २०४७ साल साउन ९ गते मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका अन्तर्गत पर्ने भामबाडामा भएको हो । बाजे तेज बहादुर भाम, बुवा प्रवेश भाम र आमा लालकलि भामको कोखबाट जन्मिएका भामको बाल्यकाल ग्रामीण परिवेशमा नै बित्यो । पारिवारिक संस्कार र ग्रामीण जीवनको भोगाइले उनलाई सानै उमेरदेखि समाजप्रति जिम्मेवार बन्न प्रेरित गर्‍यो । थियो शिक्षाको यात्रा र सङ्घर्षउनको प्रारम्भिक शिक्षा मुगुको भारेकोटस्थित मीन माध्यमिक विद्यालयबाट सुरू भयो, जहाँ उनले कक्षा १ देखि ६ सम्मको अध्ययन पूरा गरे। त्यसपछि माध्यमिक तहको शिक्षाका लागि उनी बाँकेको नेपालगन्ज आए । नेपालगन्जको श्री धम्बोजी माध्यमिक विद्यालयमा उनले वि.सं. २०६२ सालमा कक्षा ८ र ९ को अध्ययन गरे । अन्तत: वि.सं. २०६४ सालमा मुगुको श्री महाकाली नमुना उच्च माध्यमिक विद्यालयबाट उनले दोस्रो श्रेणी (सेकेन्ड डिभिजन) मा एसएलसी उत्तीर्ण गरे । शिक्षा प्राप्तिसँगै उनले आफ्नो उच्च शिक्षाको यात्रा रारा बहुमुखी क्याम्पस, नाउर मुगुमा अगाडि बढाए । सामाजिक अभियानको नेतृत्वदायी सुरूवात विष्णु कुमार भामको सामाजिक यात्रा बाल्यकालदेखि नै सुरू भएको थियो । भामबाडाको वडा नम्बर ४ मा 'कर्णाली बाल क्लब' स्थापना गरेर उनले आफ्नो



पहिलो सामाजिक अभियानको पाइला चालेका थिए । त्यसपछि उनले गाउँघरमा विभिन्न उल्लेखनीय सुधारका कामहरू गरे:गाउँ सुधार र विकृति नियन्त्रण म गाउँको सरसफाइ, बालीनालीको रेखदेख देखि बालिनाले संरक्षणको लागि गाउँमा नोरालो समेत लागेर बालेनाले संरक्षण गरेका भाम , जाँडरक्सी नियन्त्रण र जुवातास बन्देज जस्ता सामाजिक सुधारका कार्यमा उनले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए।वातावरण र वन संरक्षण: वि.सं. २०६८ देखि २०७२ सालसम्म (४ वर्ष) उनी सामुदायिक वनको अध्यक्ष बने । सो अवधिमा उनले व्यापक वृक्षारोपण, वन जङ्गलको रेखदेख र पर्यावरण संरक्षणमा ठुलो योगदान पुर्‍याए । पूर्वाधार र परोपकार: गाउँमा खानेपानीको व्यवस्थापन, बाढी-पहिरो नियन्त्रणका प्रयासहरू, विद्यालय भवन निर्माण, तथा यात्रीहरूका लागि पाटी-चौतारा बनाउने र बिरूवा रोप्ने जस्ता थुप्रै प्रशंसनीय कामहरू उनले जनस्तरमा गरेराजनीतिक उदय र जनसेवासामाजिक अभियानबाट खारिएका भामले पछि राजनीतिक पद धारण गरे पछि पनि उनी मुगु जिल्लाको एकमात्र नगरपालिका छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख बनिसकेपछि उनको सेवाको दायरा अझ फराकिलो बन्यो। पदमा पुगेपछि पनि उनमा कुनै अहंकार आएन, बरू उनी श्रमदानका माध्यमबाट हरेक शनिबार बिहान सबेरै उठेर काँधमा साबेल बिल्छा कोदालो समातेर लागिहाल्थे श्रमदानमा जनतासँगै जोडिए । यो शैलीले मुगुका जनताको मन जित्यो । समाजका गरिब, असहाय, दुखी र निमुखा वर्गका लागि उनी सधैँ सहारा बनेर उभिएका छन् । आज मुगुको हरेक बस्ती र नागरिकले उहाँको यो रूपलाई प्रष्टसँग चिनेका छन् र सम्मान गर्छन् । नगर प्रमुख विष्णु कुमार भामले गरेका यी जनमुखी र प्रशंसनीय कार्यहरूले उनलाई एउटा सच्चा जनप्रनिधिका रूपमा स्थापित गरेको छ । जनताको सुख-दु:खमा सधैँ साथ दिने उनको यो निष्ठा र निरन्तरको यात्रा अझ सशक्त बन्दै जाओस् ।

# अल्का साँघुको पुल सुचारू

रतन बहादुर रावल

साउन २० मुगु

मुगुको गमगढी-नाक्चेलाग्ना सडकखण्डअन्तर्गत रहेको छायाँनाथ रारा नगरपालिका १ अल्का साँघु मोटरेबल पुल १८ महिनापछि सूचारू भएको छ । निर्माण सम्पन्न भएर लामो समयदेखि प्रयोगविहीन रहेको पुल जग्गा मुआब्जा विवाद समाधान भएपछि सञ्चालनमा आएको हो ।

पुल सूचारू भएसँगै छायाँनाथ रारा नगरपालिका तथा मुगुम कार्मारोङ गाउँपालिकाका हजारौं स्थानीयवासीलाई आवतजावतमा ठूलो राहत पुगेको छ । डिभिजन सडक कार्यालय, जुम्लाले करिब ८ करोड रूपैयाँको लागतमा निर्माण गरेको उक्त पुल निर्माण सम्पन्न भए पनि जग्गा मुआब्जा विवादका कारण सञ्चालनमा आउन सकेको थिएन ।

पुलको पहुँचमार्ग पर्ने जग्गाको मुआब्जा नपाएको भन्दै जग्गाधनी धनबहादुर मल्लले आपत्ति जनाएपछि पुल प्रयोगमा रोक लागेको थियो । यसले करिब १८ महिनासम्म पुल सञ्चालन हुन सकेन । विवाद समाधानका लागि पटक-पटक छलफल भए पनि निष्कर्ष ननिस्किँदा स्थानीयले वर्षायाममा जोखिमपूर्ण रूपमा खोला तर्न बाध्य हुनुपरेको थियो ।

पुल बन्द हुँदा छायाँनाथ रारा नगरपालिका-१०, ११ र १२ का बासिन्दा तथा मुगुम कार्मारोङ गाउँपालिकातर्फ जाने सर्वसाधारण, कर्मचारी, विद्यार्थी, बिरामी र व्यापारी सबै प्रभावित बनेका थिए। वर्षा लागेपछि खोला बढ्ने भएकाले आवतजावत झन् जोखिमपूर्ण हुने गरेको थियो । छायाँनाथ रारा नगरपालिकाले मुआब्जा व्यवस्थापनका लागि पहल गरेपछि विवाद समाधानतर्फ पुगेको हो । नगरपालिकाले जग्गा मुआब्जा उपलब्ध गराउने सहमति गरेपछि जग्गाधनी धनबहादुर मल्लले पनि पुल सञ्चालनमा सहयोग गर्ने सहमति जनाए ।

सहमतिपछि नगरप्रमुख विष्णुकुमार भामको नेतृत्वमा अल्का साँघु क्षेत्रमा डोजर परिचालन गरी सडकमा थुप्रिएको पहिरो, ढुंगा र माटो हटाउने तथा पुल जोड्ने पहुँचमार्ग खुलाउने काम सम्पन्न गरिएको थियो । त्यसपछि सञ्चालन सुरू भएको हो ।

पुल सुचारू भएसँगै गमगढीदेखि मुगुम कार्मारोङ गाउँपालिकासम्मको सडक सञ्जाल सहज बनेको छ । स्थानीय उत्पादन बजारसम्म पुर्‍याउन, सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा आपत्कालीन अवस्थामा बिरामी ओसारपसार गर्न पनि पुल सञ्चालनले सहज भएको छ ।

नगरप्रमुख भामले स्थानीयको लामो समयदेखिको समस्या समाधान गर्न नगरपालिकाले आवश्यक समन्वय र पहल गरेको बताउँदै नागरिकले सुरक्षित र सहज रूपमा यात्रा गर्न सक्ने बताए । जग्गाधनी धनबहादुर मल्लको सहमतिपछि पुल सञ्चालनमा अवरोध नगर्ने, विकास निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यसरी सबै पालिकाले काम गरिदिए विकास निर्माण तीब्र गतिमा अघि बढ्ने थियो ।



# Rebuilding Nepal's Diplomatic Tradition

By: Galab Bahadur Dhungana

Few countries have achieved as much through diplomacy as Nepal. For more than two centuries, diplomacy has preserved the nation's sovereignty, expanded its international standing, and earned international respect far beyond what its geography, military strength, or economic size might suggest. As Nepal prepares to appoint a new generation of ambassadors, it is worth remembering that the country's greatest diplomatic achievements were never accidental. They were built by capable leaders, professional diplomats, and a foreign policy guided consistently by Nepal's national interest. The ambassadors Nepal appoints are therefore far more than political representatives abroad. They are the intellectual and strategic face of the nation. Through them, foreign governments, international organizations, investors, universities, and business leaders form their understanding of Nepal. At a time when nations compete as intensely for investment, technology, climate finance, markets, tourism, and strategic influence as they once competed for territory, Nepal can no longer afford to treat ambassadorial appointments as political rewards. They must instead be based on merit, integrity, professional accomplishment, and an unwavering commitment to Nepal's long-term national interest. Every Nepali ambassador should confidently represent one enduring principle: Nepal is a fully sovereign, independent, democratic nation whose foreign policy is guided solely by its own national interest, seeks friendship with all and enmity toward none, welcomes partnerships founded on equality and mutual respect, and remains committed to resolving disputes, including unresolved boundary issues, through dialogue, historical evidence, bilateral negotiation, and international law.

Nepal's diplomatic history demonstrates that the country's greatest achievements have never depended upon military power or economic size, but upon strategic judgment, principled leadership, and capable diplomacy. The Treaty of Sugauli in 1816 forced Nepal to surrender nearly one-third of its territory following the Anglo-Nepal War. Yet unlike almost every other country in South Asia, Nepal preserved its sovereignty throughout the colonial era. Prime Minister Jung Bahadur Rana understood that engagement with the outside world strengthened rather than weakened national independence. His official visit to Britain and France in 1850 and 1851 made him the first South Asian head of government to undertake a formal diplomatic mission to Europe, while Nepal's support for Britain during the Indian Rebellion of 1857 secured the restoration of Banke, Bardiya, Kailali, and Kanchanpur in 1860. Even during the Rana period, Nepal demonstrated that thoughtful diplomacy could secure tangible national gains while preserving independence.

The democratic transformation of 1951 marked Nepal's emergence as an active participant in the modern international system. Under King Tribhuvan, Prime Minister Bishweshwar Prasad Koirala, King Mahendra, and later King Birendra, Nepal entered what was arguably the most successful era in its diplomatic history. Diplomatic relations with newly independent India and the United States were established soon after 1947, while the reorganization of the Ministry of Foreign Affairs laid the institutional foundation for a more outward-looking and confident foreign policy. Nepal joined UNESCO in 1953, participated in the Bandung Conference of Asian and African nations in April 1955, established diplomatic relations with the People's Republic of China on 1 August 1955, and became the 147th member of the United Nations on 14 December 1955. Within little more than a decade, Nepal had evolved from a relatively isolated Himalayan kingdom into a confident, respected, and increasingly influential member of the international community.

The following decades became the golden age of Nepal's diplomacy. Nepal established relations with the Soviet Union, Japan, Switzerland, Germany, Egypt, Sri Lanka, Australia, Thailand, Malaysia, the Philippines, and many other countries while maintaining balanced relations with India, China, the United States, the Soviet Union, Europe, and the developing world throughout the Cold War without becoming subordinate to any bloc. On 1 June 1960, Nepal became the first country in South Asia, and among the earliest in Asia, to establish diplomatic relations with Israel, an independent decision guided solely by Nepal's national interest rather than regional pressure. More than six decades later, Nepal continues to maintain constructive relations with both Israel and the Arab world, demonstrating that principled independence and balanced diplomacy can coexist. Nepal and China signed the Treaty of Peace and Friendship in 1960 and peacefully concluded the Nepal–China Boundary Agreement in 1961, one of Asia's finest examples of resolving an international boundary through negotiation rather than conflict.


King Birendra elevated Nepal's international profile even further with his 1975 proposal to recognize the country as a Zone of Peace. The initiative eventually received the formal support of 116 countries, including China, the United States, the United Kingdom, France, Japan, Pakistan, Bangladesh, and Sri Lanka. Only a handful of countries, most notably India and the Soviet Union, together with several states aligned with them, withheld their endorsement. Nepal also played a leading role in establishing the South Asian Association for Regional Cooperation (SAARC) in 1985, with its permanent Secretariat in Kathmandu. Since joining United Nations peacekeeping operations in 1958, Nepal has contributed more than 150,000 military and police personnel to missions around the world and continues to rank among the largest troop-contributing countries. These achievements were not accidental. They reflected a professional Ministry of Foreign Affairs, strong institutional continuity, and diplomats who consistently advanced Nepal's national interests.


The restoration of multiparty democracy in 1990 opened another chapter in Nepal's international engagement. Nepal joined the World Trade Organization in 2004, became an active participant in BIMSTEC, expanded bilateral labour agreements that created overseas employment opportunities for millions of Nepalis, and continued its leadership in United Nations peacekeeping. Over time, however, ambassadorial appointments increasingly reflected political affiliation rather than professional merit. Although many career diplomats and several political appointees served the nation with distinction, the gradual politicization of appointments weakened institutional continuity and reduced the strategic capacity that had long distinguished Nepal's foreign service.

The establishment of the Federal Democratic Republic in 2008 offered an opportunity to redefine Nepal's place in a rapidly changing world. Unfortunately, that opportunity was never fully realized. As diplomacy increasingly focused on attracting foreign direct investment, climate finance, advanced technology, clean energy, infrastructure, and strategic partnerships, too many Nepali embassies remained centred on protocol and political reporting rather than becoming engines of economic diplomacy. Yet Nepal's international position remains remarkably strong. The country maintains diplomatic relations with more than 180 nations, enjoys exceptional goodwill built over seven decades of principled diplomacy, possesses one of the world's most respected United Nations peacekeeping records, occupies a strategic location between India and China, and maintains longstanding partnerships with the United Nations, the World Bank Group, the International Monetary Fund, the Asian Development Bank, the Asian Infrastructure Investment Bank, and numerous bilateral development partners. Nepal's challenge has never been gaining access to the international community. It has been converting that goodwill into greater investment, technology transfer, export markets, educational partnerships, industrial development, and sustained economic growth.

Nepal's diplomatic history offers an unmistakable lesson. Small countries do not become influential because of the size of their economies or military strength. They become influential through the quality of their diplomacy. Nepal preserved its sovereignty while much of South Asia lost theirs during the colonial era, emerged as an active member of the international community after 1951, joined the United Nations as its 147th member in 1955, balanced relations with India, China, the United States, the Soviet Union, Europe, and the developing world throughout the Cold War, became the first country in South Asia to establish diplomatic relations with Israel, peacefully settled its boundary with China, helped establish SAARC, secured the support of 116 countries for the Zone of Peace proposal, and built one of the world's most respected United Nations peacekeeping records. These achievements were earned through strategic vision, principled independence, institutional continuity, and capable diplomacy.

The world Nepal faces today is far more competitive than the one it entered when it joined the United Nations in 1955. Nations now compete as vigorously for investment, technology, climate finance, innovation, supply chains, tourism, educational partnerships, and strategic influence as they once competed for territory. Rebuilding Nepal's diplomatic tradition therefore requires making diplomatic excellence a national priority once again. Nepal can no longer afford to treat ambassadorial appointments as political patronage or rewards for political loyalty. Every embassy should function as a strategic institution that advances Nepal's sovereignty, expands economic opportunity, attracts investment, promotes trade and tourism, strengthens educational and technological partnerships, and enhances the country's international standing. Restoring merit as the guiding principle of ambassadorial appointments is therefore essential. Career diplomats should remain the foundation of Nepal's foreign service, complemented where appropriate by distinguished professionals from academia, law, economics, business, science, engineering, public administration, defence, and international organizations. The individuals chosen to represent Nepal abroad will shape how the world understands Nepal, how successfully the country competes in the decades ahead, and ultimately whether it realizes the full potential of its diplomatic tradition. Choosing Nepal's ambassadors is therefore not merely a political decision. It is one of the most important strategic investments the nation can make in its future.





# Who is your life partner?



*By Sri Sri Ravishankar*

Mom?
Dad?
Wife?
Son?
Husband?
Daughter?
Friends?

Not at all!

Your real-life partner is your body.

Once your body stops responding no one is with you.

You and your body stay together from birth till death. What you do to your body is your responsibility and that will come back to you.

The more you care for your body, the more your body will care for you.

What you eat, what you do for being fit, How you deal with stress, how much rest you give to it; will decide how your body going to respond.

Remember, your body is the only permanent address where you live

Your body is your asset/liability, which no one else can share. Your body is your responsibility. Because you are the real-life partner.

Be fit. Take care of yourself. Money comes and goes. Relatives and Friends are not permanent.

Remember, no one can help your body other than you.

Pranayama - for Lungs
Meditation - for Mind
Yoga - for Body
Walking - for Heart
Good food - for Intestines
Good thoughts - for Soul
Good karma - for World

# आत्मनिर्भरताका लागि राष्ट्रियनीति



डा.शास्त्रदत्त पन्त

वर्तमान अबस्थाः

अध्ययनबाट मधेशका कच्ची घर १५ श्रम दिन र पहाडका अर्ध कच्ची घर ३० श्रम दिनका हुने गर्दछन् ।

यो प्रस्ताव कार्यान्वयन गर्दा सम्पन्न भइसकेका ठूला निर्माण विकासका आयोजनालाई बिगार्न पर्ने पनि हुँदैन । घना रूपमा बसेका पचास घर भन्दा बढीसंख्या रहेका वस्तीलाई सामान्य सुधार गर्दै जाँदा पनि पुग्दछ । यस्ता वस्तीलाई अलग गर्नासाथ बाँकी त प्रायः सबै नै साधारण कच्ची मात्र पर्दछन् ।

राष्ट्रिय स्तरमा वसोवासको पुनर्गठनपछि प्रशासकीय पुनर्गठन र त्यसपछि प्रशासकीय संगठन, व्यवस्थित र सघन उद्योग व्यवसाय, निर्धारित व्यापार र सुनियोजित कृषि कार्यक्रम सञ्चालन गरिनुपर्ने हुन्छ । त्यसको प्रस्ताव अध्याय ६ मा गरिएको छ ।

१०. व्यवस्थित र एकीकृत बस्ती बसाल्दा पुराना केही घर गोठलाई यताउति सार्नुपर्ने हुन्छ । यसरी सार्दा निकै खर्चिलो हुन्छ कि भन्ने आशंका उठाएको पाइन्छ । यो खर्चिलो नहुने मात्र होइन समष्टिगत विकासमा त झन् सस्तो पर्दछ । माथि सारिणी नं. १ मा दिइएको अवस्थाले १७ प्रतिशत भन्दा बढी घरहरूलाई सारिहाल्नु पर्दैन भने शहरीकरण भईसकेका क्षत्रलाई दोश्रो चरणमा बिस्तार गर्ने नीति अनुरूप जनतालाई तत्कालै असजिलो हुदैंन ।

शहरी क्षेत्रमा खर्चिला र ठूला घर छन् । यस्ता बस्ती देशभर ३५६ जति छन् । तिनको कुल संख्या पनि धेरै हुदैन । धेरैजसो घर यथास्थानमा वयवस्थित हुन्छन् ।

हजारदेखि ५ लाखसम्म जनघनत्व भएका यी शहरी क्षेत्रमा नै खर्चिला, महँगा र तत्कालै भत्काई मिलाई सार्न नहुने घरहरू पर्दछन् । तिनको सुधारको प्रस्ताब यही अध्यायमा यस पछि दिइएको छ ।

घरको घनापन

व्यवस्थित वस्तीको निर्विकल्प खाँचो

व्यवस्थित वस्तीको खाँचोः

मान्छे सदा सुखदायी र सुन्दर सिर्जना चाहन्छ । असुन्दर सिर्जनाका कुरा मानवलाई पच्दैन । त्यसैले मानिसले सबै असुन्दर चीज भत्काउँदछ, तोड्दछ, अर्को ठाउँमा सार्दछ र नयाँ सुन्दर सिर्जना गर्दछ । आँखा बिझाउने वस्तुलाई आँखा रसाउने वस्तुमा परिणत गर्दछ । विधिविधान न्याय खोज्ने बाटो मात्र होइन निषेधहरू स्वीकार्ने पनि हो । त्यसैकारणले त सरकारले त्रिपुरेश्वरदेखि कोदारी राजमार्गमा र देशभरका राजमार्गभर बनेका असुन्दर भद्दा रचनाहरू घर, टहराहरू धमाधम भत्काइरहेको छ । हाम्रो देशका समस्त पुराना वस्तीहरू पनि अवरोधक, असजिला र कुरूप बस्ती हुन् । तिनीहरू सबैलाई सुन्दर, सुविधायुक्त संरचनामा लगेर समस्त देशको स्तर उठाउन सकिन्छ । सम्पूर्ण चेतना अभिवृद्धि गरेर पूर्ण रोजगारतिर अभिवृद्धि गर्न पनि वस्ती व्यवस्थित पार्नु नै विकासको पहिलो चरणको काम हुन आउँदछ ।

सबैखाले मानवीय दुःख तथा समस्याका कारणहरू, पछौटे पन, अज्ञानता, अचेतनता र अविकासका कारणहरूका कारण अव्यवस्थित बस्ती नै हो भन्नेकुरा हामीले अघिल्लो अध्यायबाट बुझिसकेका छौं । अब यहाँ व्यवस्थित गर्नुपर्ने कारणहरू, व्यवस्थित गर्दा हुने फाइदाहरू तथा गर्ने प्रक्रियाहरूको प्रस्ताव गरिन्छ । कारणहरूः व्यवस्थित बस्तीको माध्यमबाट गाउँको विकासका निम्न कारणहरू छन्: शतप्रतिशत नागरिकलाई समान अवसर प्रदान गर्न :

- समान गुणस्तरको शिक्षा सेवा दिन ।
- समान स्तर र एकै रूपबाट व्यवस्थित स्वास्थ्य सेवा दिन ।
- खानेपानी, विद्युत्, ढल, इन्धन ऊर्जा, संचार, यातायात सेवाहरू प्रदान गर्न ।
- पशुपंक्षी, खेतीपातीलाई आवश्यक सेवाहरू दिन ।
- राज्य द्वारा दिइने सबै सेबाहरू समान रूपले दिन ।

शत प्रतिशतलाई क्षमता अनुसारका रोजगार उपलब्ध गराउन :

- कृषिजन्य रोजगारहरू ।
- गैर कृषिजन्य रोजगारहरू ।
- शतप्रतिशतलाई जनचेतना जागरण ९ब्धबचभलभकक० कार्यक्रम सञ्चालन गराउन ।
- देशलाई सुकुम्बासी विहीन बनाउन ।
- चाहिने तथ्य तथ्यांक तुरून्त पाइने गराउन ।
- देशको सबै भूभागलाई समान आकर्षणका केन्द्र बनाउन ।
- उत्पादक्तवको अभिवृद्धि गराउन ।
- दैवी प्रकोपको पीडाबाट हटाउन ( कमिकरण, नियन्त्रण गर्न)
- वातावरण सन्तुलन गर्न, संरक्षण गर्न ।
- सडक निर्माणको क्षेत्र सीमांकन गर्न ।
- ४५° भन्दा माथि अनिवार्य रूखजन्य खेती गर्न ।
- ३०°-४५° भिरालो पहाडमा वस्ती बसाउन ।- ३०° भन्दा कम भिरालोमा मात्र अन्नखेती गर्न ।
- विकास कार्यक्रमको दोहोरोपन हटाउँन ।
- जनसहभागिता बढाउन ।
- पारिवारिक उत्पादक्तव बढाउन ।
- सामुदायिक विकासका सार्वजनिक काममा तीब्रता ल्याउँन ।
- कुरीती हटाउन ।
- आफ्नो धर्मसंस्कार संस्कृतिको सही वैज्ञानिक प्रयोग गर्न, जगेर्ना गर्न ।
- स्रोत सदुपयोग र परिचालन गर्न तथा श्रम र स्रोतको भरपुर वचत गर्न ।
- मानव स्रोत, सीप, श्रमको पूरा सदुपयोग गर्न ।
- प्राकृतिक स्रोतको सही र दीगो सदुपयोग गर्न ।
- विदेशी सहयोग नलिकइन आफ्नै स्रोत र सीपले आत्मनिर्भर हुन ।
- यो सबैभन्दा सस्तो विकास कार्यक्रम हो भनी विकासोन्मुख देशलाई सावित गरिदिन ।
- पर्यटकीय दृष्टिले विश्वकै नमूना बन्न र अग्रगण्य भूमिका निभाउन ।
- पूर्वीय पद्धति प्रभावकारी, दीगो मानववादी, व्यावहारिक र शान्तिगामी हो भनी सावित गर्न ।
- शोषणको मूल कारणको अन्त्य गर्न ।
- शत प्रतिशत भूमिको अत्यधिक प्रयोग गर्न ।
- भू प्रयोजन नक्सा तयार गर्न ।
- चकलाबन्दी गर्न ।
- नक्सा बमोजिम भू-प्रयोजन गर्न ।
- फाँट खेती ९द्ययिअप ाबचक्ष्लन० गर्न ।
- जग्गा व्यवस्थित ९ीबलम उर्गाष्लिन० गर्न ।
- चाउका ९उयित० विकास गर्न ।
- स्पष्ट र दीगो योजना तयार गर्न ।
- पशुपालनलाई आधुनिक र व्यवस्थित गर्न ।
- कार्यान्वयन प्रभावकारी बनाउन ।
- माछा पालन व्यवस्थित गर्न ।
- फलफूल खेती व्यवस्थित गर्न ।
- वनखेती व्यवस्थित गर्न ।
- नगदेबालीको विकास गर्न ।
- कृषिजन्य उद्योग बढाउन ।

स्थानीय एकाइलाई शक्ति विकेन्द्रीत गरी स्वनिर्णय-सक्षम बनाउन :

गाउँको आपूर्ति व्यवस्था मिलाउन ।

गाउँको आयात बजार व्यवस्था मिलाउन ।

गाउँको निर्यात बजार व्यवस्था मिलाउन ।

प्रविधि, सीप, विकास र दक्षताको अभिवृद्धि गर्न ।

कृषिको निर्भरताबाट गैर कृषि रोजगारमा रूपान्तरण गर्न ।

प्रशासनलाई विकासमुखी गराउन ।

वडा, गाउँ/नगर, इलाका, जिल्ला, अञ्चल, क्षेत्र र केन्द्रमा स्पष्ट कार्य विभाजन गर्न ।

(यसको बिस्तृत विवरण यस पछिको अध्यायमा दिइएको छ )

गरीव देशको निर्विकल्प योजना : व्यवस्थित बस्तीबाट राष्ट्रका सर्बाङ्गिण विकास गर्ने पद्धति अशिक्षित, गरीब अल्पविकसित र विकासोन्मुख मुलुकका लागि हो । कसैको सहयोगविना पनि प्रतिस्पर्धी बन्न सकिन्छ ।

विदेशी सहयोग नचाहिने : यो अत्यन्त सस्तो पद्धति हो । यसमा विदेशी सहयोग अथवा दानको आवश्यक्ता पर्दैन । राष्ट्रको सहकारी र विकासोन्मुख या असंलग्न देशहरूको सहकारी विकास बैंक नै पर्याप्त हुन्छ ।

जनसहभागितामा आधारित :

यो जनसहभागितामा आधारित पद्धति हो । आफुआफू मिलेर आफनो आवश्यक्ता अनुसार आफैंले आफ्नालागि गरेर परजीवी बन्नु नपर्ने पद्धति हो ।

७. तलबाट माथि उठ्ने ९द्ययततक( गउ बउउचयबअज० ः

यो पद्धति बिद्यमान पद्धतिको ठीक उल्टो 'शित ओभाएर घैला भर्ने ' सिद्धान्तमा आधारित छ । यसमा स-साना कुरा, स्रोत साधनन र आवश्यक्ताका आधारमा संपूर्ण जनतालाई रोजगार दिएर तथा गरेर गर्न सिक्ने पद्धतिमा सीप विकास गरेर कुटीर उद्योगबाट विस्तारै मध्यम र ठूला उद्योगसम्म पुग्ने लक्ष्य रहन्छ । यसको पहिलो लक्ष्य आयात प्रतिष्ठापन गर्नु हुन्छ । त्यसबेलासम्म राज्यले उद्योगलाई संरक्षण दिनुपर्दछ ।

# साम्राज्यवादी प्रतिस्प्रधाको जाँतोमा गरीब देशहरू



सुरेशकुमार पाण्डे

अहिलेको सबैभन्दा ठूलो सङ्कट भनेको उद्योगिक् र व्यपारिक प्रतिसप्रर्धा नै हो । विश्वका शक्तिशाली राष्ट्रहरूले आफ्नो अधिनमा राखेर विश्वलाई आफ्नै दबदबा बनाइराख्ने प्रयासमा गरिब देशहरूलाई निसाना बनाउदै आएका छन् । ऊ आफैले आतङ्कवादी जन्माउने हुराकाउने र आफ्नो काम पुरा भयोभने उसैलाई सिद्दाईदिने खेल पनि खेल्दै आएको छ ।

धनी देशहरूले पनि गरिब देशहरूलाई उनिहरूले देश नै नसम्झिने र त्यहांका जनताहरूलाई मानिस नसम्झिने धनी देशहरूको व्यवहारले गर्दा गरिब देश र त्यहाँका जनताहरूको अस्तित्व नै खतरामा परेको देखिन्छ । जस्तै पहिले सार्क देशहरूमा भारतको एक्लौटे राज थियो । अहिले खास गरेर विश्वको सबैभन्दा शक्तिशाली देश भनिने अमेरिकी साम्राज्यवाद यतिबेला विश्वमा सबैभन्दा प्रभावशाली बनेको छ । ऊ धेरै पहिले देखि नै विश्वमा आफू एकलौटो महाशक्तिको रूपमा स्थापित हुन अरू प्रयत्न गर्दै आएको थियो ।

खास गरेर सोभियत रूसको बिघटन पछि त ऊ एक्लो महाशक्तिको रूपमा देखिन्छ । उसले कुनैपनि देशलाई आफू बरारी गरेको देख्न सक्दैन् । जापानको हिरोसिमा र नागासाकीमा बम हानेर त्यहांको अर्थ व्यवस्था र मानव समेतलाई ठूलो सङ्कटमा पुराएको अमेरिकी साम्राज्यवादले आफ्नो साम्राज्य कायम राख्न अहिले चीनलाई घेर्ने योजनामा छ ।

ऊ विश्वको शक्तिशाली बनिरहन अमेरिकी साम्राज्यवादले संसारका देशहरमा आफ्नो स्वार्थ पुरा गर्न आतङ्क फैलाउदै आएको कुरा कसैबाट लुकेको छैन । उसले सक्यासम्म साना र आर्थिक स्तरमाथि उठ्न नसकेका देशहरूमा बिभिन्न प्रलोभनमा पारेर त्यहाँको सार्वभौमसत्तामा आफ्नो मनपरि गर्न त्यहा कटपुत्ली सरकारहरू बनाउने र आफूले चाहे अनुसार उनिहरूलाई उपयोग गर्ने उस्को व्यवहार रहँदै आएको छ । उसले भनेको नमान्ने मुलुकहरूको हबिगत सबैको सामुन्य छर्लङ्गै छ । एक पल्ट अमेरिका कुनै देशभित्र प्रवेश गर्यो भने फर्कदैन ।

जसले आफूलाई विश्वको प्रथम जनतान्त्रिक देश भनेर नथाक्ने अमेरिका विश्वको जनतन्त्रको दुश्मन् बनेको छ । हुन त जनतन्त्रवादी नेताहरू स्वार्थी र लोभी हुनाले पनि हे । विदेशीभन्दा पनि आफ्नो राष्ट्रमा कुठाराघात गर्ने वातावरण आफै तैयार गर्दै आएका छन् ।

उसलाई अरू भन्दा पनि विश्वमा आफ्नो खौफ रहिरहोस् र उसलाई कुनैपनि देशले उछिन्न वा बराबरी गर्न नसकोस् भन्ने चिन्ता मात्र छ । साम्राज्यवादको शक्ति भनेको हरेक क्षेत्रमा प्रभाव हो ।

जसले विश्वको बजारमा आधुनिक हात हतियार निर्यात गर्दै आएको छ । पछिल्लो लटमा अहिले चीनले उसलाई उछुनिरहेकोमा उसलाई यति डाह भएको छ कि उसले चीनको व्यापारलाई पटक पटक अङ्कूशको प्रयत्न गर्दैछ ।

अहिले एआइलाई प्रयोग गरेर उनीहरूले रोबोट तैयार पारेका छन् । जो मानिस जस्तै देखिने वा चार खुट्टाले दौड्ने रोवट पनि छन् । त्यसमा पनि चीन विश्वमा सबैभन्दा अगाडी छ । चीन संसारकै सबैभन्दा शक्तिशाली राष्ट्र बनेको छ । उसले अर्टीफिसल इन्ट्रीलेजसन (एआई)लाई प्रयोग गरेर रोवोट उत्पादन् र उद्योगिक क्षेत्रमा एक्लैले विश्वको ५५ प्रतिशत अर्थात आधा भन्दापनि धेरै कब्जा गरिसकेको छ । तीस लाखभन्दा बढी रोवटले चीनको उद्योगिक क्षेत्रमा काम गरिरहेका छन् । उहिं अमेरिकामा जम्माजम्मी चार लाखले काम गरिरहेको बताइन्छ । यसरी विश्वको रोबोट बाजारमा चीनले राज गरिरहेको छ । त्यो देखेर डोनाल्ड ट्रम सरकारले रोबोटको आयातमा रोक लगाउने निर्णय गरेको छ । नेजर कम्युनिकेसन एम सीसी द्वारा उसले थुप्रै देशहरूमा चीनबाट निर्माण भएका बस्तुहरूमा अंकूश लगाउने प्रयत्न गर्दै आएको छ । एमसीसी बोर्ड भनेको अमेरिकाको एउटा शक्तिशाली हतियार बनाएर चीन जस्ता देशहरूको अर्थ व्यवस्थालाई नोक्सान् पुराउने उनिहरूको उदेश्य हो । अहिले नेपालमा उसको दृष्टि परेकै चीनलाई घेर्न हो । चीनलाई घेर्न नेपाल भन्दा सजिलो ठाउँ उसलाई कुनैपनि हुन सक्दैन् ।

अमेरिकाले परमाणु अस्त्रकै बलमा धेरै देशहरूलाई डर देखाएर आफ्नो कुचेष्टा पुरा गरेको पनि छ । विश्व बजारमा आफ्नो मात्र दबदबा रहिरहोस् र दादागिरी रहिरहोस् भनेर उसले सधैं प्रयास गर्दै आएको छ । ट्रमले यक्रेनलाई युद्ध नरोके उसका सबै तेल निर्यातमा निशाना साध्ने भन्दै धम्काएको थियो । उसले भारतले रूसबाट तेल खरिद गर्दा आपत्ती जनाउदै २५ प्रतिसत आयल कर लगाउने कार्यकारी आदेश जारि गरेर कुल कर दर ५० प्रतिसत पुराएको थियो । आकम्रण गर्दै आएको छ । अफगानिस्तानमा उसले लामो समयसम्म कब्जा जमायो । भन्दै नभएको आरोप लगाएर सद्दामहुसेनलाई १३ दिसम्वर सन् २००३मा पक्रियो र ३०दिसम्वर २००६ मा फाँसीमा झुण्डायो । सद्दामको सपरिवार मारिए । विश्वले गरेको बिरोधको पुरै बेवास्था गर्यो । अमेरिकालाई कुनै देशले केही पनि गर्न सकेनन् । भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो र उन्को पत्नीलाई ३ जनवरी सन् २०२६ मा बेडरूमबाटै छोपेर न्यूयोर्क पुराएको थियो । उनिमा लागू औषध र आतङ्कवादका साथै कोकिनको तस्कर गरेका आरोपहरू लगाएको थियो ।

इरानसङ्ग लामो युद्ध भइरहेछ । यस्ता कयौं उधारणहरू छन् । अहिले उसैलाई टक्कर दिन जन्मिएको चीनलाई ठेगान लगाउन अमेरिकालाई नेपालको भूमि चाहिएको छ । यसरी धनी तथा साम्राज्यवादी मुलुकले आफ्नो स्वार्थ पुरा गर्न विश्वका गरिब देशहरूलाई निसाना बनाएका हुन्छन् । एकातिर उसले चीनसङ्ग उस्को प्रसंसा गर्दै चीनिया राष्ट्रपति सि जिन्पिङलाई महान नेता भन्छ, आर्कोतिर चीनलाई कसरी तह लगाउं भन्ने दिनरात योजना बनाउँछ ।


विश्वको बजारमा चीनका समान बिक्री नहुन् भनेर उसले सधैं चीनलाई रोक्ने प्रयासमा छ । कसैको रिशले चीन डराएको छैन बरू उसले विश्व बजारमा निरन्तर अमेरिकालाई पच्छार्दै गएको छ । यद्यपि चीन आफै पनि साम्राज्यवादी बाटो छोपेको देश हो । त्यहाँ कामरेड माओत्सेतुङ्गको निधन लगत्तै प्रतिक्रान्ती भएको थियो । आज माओकै नेतृत्वमा भएको नयां जनवादी व्यवस्थाकै जगमा टेकेर विकास भएको छ । चीनले समाजवादी व्यवस्था छोप्नुपर्ने हो तर उसले आर्थिक उन्नतीका साथै साम्राज्यवादी बाटो छाडेको हो ।

हाम्रो देश नेपालका लागि चीन भारत दुबै छिमेकी देश हुन् । दुबै देश सङ्ग हाम्रो आत्मिय सम्वन्ध छ । त्यहाँका जनता सङ्ग आपसी सद्भाव र भाइचारा छदैछ । हाम्रो प्रयास पनि छिमेकीहरूसङ्ग मित्रवर सम्बन्ध रहिरहोस भन्ने नै छ । हामीले कुनैपनि देशको सार्वभौमिकता त्यो देशको अखण्डतालाई स्वीकार्ने र राष्ट्रिय हित र जनतन्त्रको पक्षमा उठेका तमाम सही आन्दोलनहरूको नैतिक समर्थन गरेपनि कुनै पनि देशको आन्तरिक मामिलामा दख्खल दिने गरेको इतिहास भेटिदैन । हाम्रो उदेश्य छिमेकीहरू सँग सदियौं मैत्रिपूर्ण सम्बन्ध राखिरहने नै हो । इतिहास साक्षी छ नेपाल राष्ट्र कसैको अधिनस्त रहेन । अन्य देशमा चलेका विदेशी हस्तक्षेपका बिरूद्धमा नेपालीले आवाज उठाउँदै आएका छन् । भारतीय जनताको स्वाधिन आन्दोलनमा नेपाली विरहरूले साथ सहयोग दिएका थिए । आजादी पछि पनि नेपाल र नेपाली जनताले छिमेकी मुलुकको सधैं सम्मान् गर्दै आएको छ । तर नेपालीहरूको यो सद्भावलाई छिमेकले सधैं मुल्याङ्कन् नकारत्मक रूपबाट गर्दै आएको देखिन्छ ।हाम्रो लागि चीन वा भारत दुबै छिमेकी देश हुन र दुबै देशसङ्ग हाम्रो आत्मिय सम्वन्ध छ र हुनुपनि पर्छ ।

हाम्रो देशमा प्राकृतिक श्रोत साधनहरू प्रशस्तै छन् । मात्र विकासको नियत भएका शाशकको कमी छ । मौकाप्रस्त विदेशी दलाल र स्वार्थी नेताहरूले नेपालमा विकास हुन दिएका छैनन् । हाम्रो देशलाई विदेशीहरूले जातीय र क्षेत्रिय सम्प्रदायिक युद्धमा धकेल्ने प्रयास गर्दै आएका छन् । नेपाली जनता सचेत छन्, लडाकु छन् त्यसैले कसैको हिम्मत छैन नेपाललई हेप्न । हामीमा एकता अपरिहार्य छ । बिभिन्न षड्यन्त्रकारीहरू बेलाबेलामा जातीय र क्षेत्रिय द्वन्द्व गराउने प्रयास गर्दैछन् ।

सचेत वर्ग कुनै जातीय र धार्मिक मुद्दामा लडेको हुँदैनन् । हामी नेपाली हौं । नेपाललाई माया गर्छौं र अखण्डता लागि आवाज उठाउँछौ । आफ्नो देशलाई षडयन्त्रकारीको जालमा फस्नबाट जोगाउँदै आएका छौं ।

# बिपी नीति छोड्दा विपत्ति




२०७८ सालमा सनातन संस्कृति समाज नेपालका अध्यक्ष हरिबोल भट्टराईको संयोजकत्वमा बिपीको सम्झना गर्दै एक वृहत भेला गरियो र नेपाली कांग्रेसले (विपी) को सिद्धान्त र विचारलाई फ्याँकेको हुँदा देशले गति पक्रन नसकेको ठहर गरिएको थियो । यही समाजले राष्ट्रिय एकताको लागि संयुक्त आन्दोलन २०७८ स्थापना गरेको थियो । तर त्यसलाई नेपाली कांग्रेसले लत्यायो, वीपीको सम्झना त बेला बलामा गऱ्यो तर इमानदारी देखाउन सकेन, वीपीको सिद्धान्तमा कहिले पनि लागेन ।

देशका विभिन्न शहर र कुना काप्चाबाट समेत भाग लिनु भएको सो भेलामा नेपाल अधिराज्यको संविधान २०४७ नै नेपाली जनताको स्पन्दन हो किनभने यो संविधान निर्माणमा राजा, दलहरू र जनता तीनै पक्षको थिए भन्ने सारका आधारमा वरिष्ठ अधिवक्ता एवं सनातन संस्कृति समाजका सह-अध्यक्ष विष्णु भट्टराईले तयार पारिएको प्रतिवेदनलाई छलफल पश्चात् पारित गरिएको थियो । कार्यक्रममा काभ्रेका युवा कष्ण श्रेष्ठले आन्दोलनको केन्द्र नारायणहिटी हुनुपर्छ, किन माइतीघर भइरहेछ भन्ने प्रश्न उठाएका थिए । अन्य वक्ताहरूमा तारानाथ लुइटेल, डा.ठाकुर मोहन श्रेष्ठ, बाल सन्त श्रीनिबास आचार्य, मीना सुवेदी, राजनीतिक विश्लेषक भरत दाहाल, वृहत राजसंस्थावादी समूहका नेता किशोरी महतो आदिले राजसंस्था पुनर्स्थापनाको विकल्प नै नभएको अभिव्यक्ति दिएका थिए । तर कांग्रेस अहंकार र स्वार्थमा चलिरह्यो ।

जसको परिणाम जेनजी बिद्रोह र पूर्वसभापति शेरबहादुर देउवा दम्पत्तिले विद्रोहमा कुटाइ खानुपऱ्यो । उपचारका नाममा देश छाडेर विदेश भाग्नुपऱ्यो । अब साउन २८ गते देउवा स्वदेश फर्कदैछन् । आखिर चाहिने त आफ्नै माटो रहेछ, आफ्नै परिवेश र राजनीतिक धरातल चाहिने रहेछ ।

हुन त जेनजी विद्रोह हुँदा केपी ओली प्रधानमन्त्री थिए । उनले पनि सत्ता छाडेर सेनाको सहारामा भाग्नु पऱ्यो । शेरबहादुर देउवा र ओली यी त्यस्ता पात्र हुन्, जसले नेपाली राजनीतिमा जनविरोध भयो भने के सम्म हुनेरहेछ भन्ने दृष्टान्त बनेका छन् । यी दुईको नियतिलाई हेरेर राजनीतिमा लागेकाहरूले आफूलाई जनअपेक्षामार्गमा लगाउन जरूरी छ । अन्यथा जे पनि हुनसक्छ ।

राजनीति समाज बदल्नका लागि हो, आफू सम्पन्न हुनका लागि होइन ।

राजनीतिको यो गुढार्थ जसले बुझेन, उसले दुर्भाग्य भोग्नेछ ।



पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८३ साउन २६, Aug 11, 2026





## अन्तिम पातो – शाश्वत शर्मा

# जय नेपाल पार्टी : अर्को प्रयोग

राप्रपाका पूर्व बरिष्ठ नेता धवलशमशेर र दुर्गा प्रसाईले नयाँ पार्टी दर्ता गराउँदै छन्- जय नेपाल पार्टी । राजसंस्थावादी र हिन्दुवादीले धेरै प्रयोग असफल भएपछिको नयाँ प्रयोग हो- जय नेपाल पार्टी ।

त्यसो त हिन्दुवादी पार्टी भन्नासाथ भारतको आरएसएस जोडिन आउँछ । उक्त आरएसएसको एजेण्डा भनेकै अखण्ड र विशाल भारत हो । जसमा नेपाललाई पनि भारतमा मिसाउने योजना राखिएको छ । फेरी दुर्गा प्रसाई, धवल शमशेर र यहाँको विश्वहिन्दु महासंघहरू आरएसएससँग जोडिएका छन् भनिन्छ । यसकारण पनि जय नेपाल पार्टीमा जनआकर्षण बढाउन मुस्किल देखिन्छ । भन्नलाई धवल र दुर्गाले भनेका छन्- जय नेपाल पार्टीको मुख्य उद्देश्य भनेकै हिन्दु अधिराज्य हुनेछ । धवल शमशेरले त राप्रपाले राजाको नाम बेचेर खायो भन्ने आरोप लगाएका छन् । अर्थात् यो नयाँ पार्टीले प्रतिपक्षीसँगमात्र होइन, राप्रपासँग समेत प्रतिस्पर्धा गर्नुपर्नेछ । अहिलेको प्रश्न हो- जय नेपाल पार्टीले गणतन्त्रवादी र आफूलाई राजसंस्थावादी भन्ने स्वनामधन्य पार्टीहरूसँग सामना गर्न सक्छ होला त ?

पुराना सबै दल एकै सिक्काका दुई पाटा हुन् भन्ने धवल शमशेर र दुर्गा प्रसाईले बेला बेलामा विभिन्न काण्डका प्रमाण, पुराना दलका नेताको गोप्य काण्डहरू, भविष्यमा नेपाली राजनीतिमा घट्नसक्ने घटनाको पुर्वानुमान आदिको सार्वजनिकरण गर्दै आएका छन् । धवल शमशेर राप्रपाबाट असन्तुष्ट छन् भने दुर्गा प्रसाई जनतासँग प्रत्यक्ष सरोकार राख्ने मामिला उठाउँदै आएकाले चर्चित र राजनीतिमा स्थापित गराउन खोजिएको छ । साथै चर्को बोलेर पटक पटक पक्राउ पर्दै अदालतबाट छुट्दै आएका प्रसाई राजनीति र आमजनतामा चर्चित नाम हो । जसरी रास्वपा एकाएक चर्चामा आयो र सत्तामा पुग्यो, त्यसैगरी दुर्गा प्रसाई र जयनेपाल पार्टी छिटै चर्चामा आएर स्थापित हुने अनुमान गरिदैछ । भारत र पश्चिमा शक्तिले दुर्गा प्रसाई र जय नेपाल पार्टीलाई रवि र बालेनको प्रतिस्पर्धामा उतार्ने तैयारी भइरहेको सुनिन्छ । विशुद्ध राष्ट्रियताको जामा पहिऱ्याएर राजनीतिक मैदानमा उतारिएका दुर्गा र धवल जोडीले आउँदा दिनमा नयाँ नयाँ, अचम्मका कामकार्वाही, विभिन्न काण्डको पर्दाफास,, पुराना नेता र दलका गोप्य काण्डहरूको अझ उजागर गरे भने आहश्चर्य नमाने हुन्छ । स्मरणीय छ, नेपाली समाज यस्तै विषयहरूमा रत्तिने र आकर्षित हुने जमान मानिन्छ । नेपाली जमातलाई भण्डाफोर, पर्दाफास, विद्रोह खुब मनपर्छ । जुन दुर्गा प्रसाईबाट सम्भव छ ।

जसरी पुराना दल तथा नेताहरूलाई बिस्थापन गराउन बालेनहरूले बिद्रोह र आन्दोलनको सहारा लिएका थिए, त्यही सम्भाबना दुर्गा-धवलमा देखिन्छ । त्यसो भए नेपालमा राजसंस्था पुनर्स्थापना दुर्गा धवबाट हुने भयो त ? यसमा अनेक तर्कहरू रहेका छन् । कोही भन्छन्- असम्भव छैन । तर कोही भन्दैछन्- होइन, यो सम्भव छैन । स्वयम् पूर्वराजा ज्ञानेन्द्रलाई पनि यहाँका दल र नेताहरूका कारण पुनर्स्थापना सम्भव छैन भनेर लागेको हुनुपर्छ । किनभने भूराजनीतिका कारण बिस्थापनामा परेको राजसंस्थालाई यहाँका स्वार्थन्ध दल र नेताहरूले पुनर्स्थापना गराउन सक्दैनन् । हो, वातावरण बनाउन जनतालाई सडकमा उतार्न सक्छन् । अन्तिम फैसला त बाह्य शक्तिले नै गर्ने हो । उत्तारले त मान्ला, दक्षिण र पश्चिम तैयार नभई यो सम्भव छैन । त्यसकारण पनि राप्रपा, एमाले, कांग्रेसका राजसंस्थावादीहरू अनि मधेशवादी दलका यो मिसनमा कार्यरत नेता, कार्यकर्ताहरूले चाहेमात्र यो सम्भव देखिदैन । पूरा नेपाल र नेपालीहरू यसमा सहमत भइसकेको अवस्थामा पनि किन त अझै गणतन्त्रवादी र धर्मनिरपेक्षतावादीहरूको शासनसत्ता चलिरहेको होला ? प्रष्ट छ, भूराजनीतिले त्यो सम्भाबना टारेको टाऱ्यै छ । यो मामिलामा भारत एक्लैले पनि केही गर्न नसक्ने बताउँछन् अर्काथरि विश्लेषकहरू । पश्चिमाहरूको हरियो संकेत चाहिन्छ चाहिन्छ भन्छन् तिनीहरू । फेरि आरएसएसको रणनीति राजा र हिन्दुधर्म देखाएर आफ्नो दूनो सोझ्याउने मात्र हो । अब दुर्गा र धवल शमशेरको जोडीले बाहिरी रूपमा नेपालीलाई अझ आकर्षण गराए पनि माथि भनिएजस्तो सम्भाबना अहिलेसम्म देखिएको छैन । भोलिका दिनमा भन्न सकिन्न । हेर्दै जाउँ दुर्गाको चटकबाट मनोरञ्जन लिदै जाउँ । जनता नै उग्र भएर आएको खण्डमा भूराजनीतिले पनि थाम्न नसक्ला कि ? सडकमा उग्र भएर आउने सक्ने हो भने कसैको केही नलाग्ने भन्ने दृष्टान्त त नेपालमा पटक पटक देखिएकै छ । तसर्थ हेर्दै जाउँ । यो नयाँ प्रयोग अर्थात् जय नेपाल पार्टीको मजा लिउँ अहिलेलाई । जनताको सेवा गर्ने हो कि जनताको शोषण गर्ने एउटा नक्कली ब्राण्ड थपिएको हो ? दुर्गा प्रसाई र धवले चमत्कारिक काम गर्न सके भने ठिकै मानौंला । नत्र ने कालान्तरमा जय नेपाल पार्टी पनि राष्ट्रिय प्रजातन्त्र पार्टी हुनजाला ?


## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्नेतरिका र प्रयोग गर्नुपर्ने्को सावधानी ।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं ।

भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पानी र जवानी निरन्तर बगिरहेछ



माल पाएर चाल नपाउने जनता हौं हामी । पानी र जवानी निरन्तर बगिरहेको छ भनेर भारतका प्रम नरेन्द्र मोदीले नेपालको संसदमा आएर बोलेपछि नेपाली झस्किएका हुन् । तर यथार्थ यही हो ।

अपार जलस्रोतका धनी भएर पनि नेपाली मागर जीवन चलाइरहेका छन् । पानीको उपयोग हुनसकेको छैन । चुलोचौकोदेखि घाटी भिजाउने पानीका लागि नेपाली हाहाकारमा छन् अझै ।

एउटै मेलम्चीलाई १७ अर्ब बाट खर्ब खर्च गर्दा पनि पानी वितरण प्रणालीमा सहजता आएको छैन । जेहोस्, नेपाल पानीको धनी देश, यो पानीधनको समुचित परिचालन गर्न नसक्ने राजनीति पानी र जवानी बगेजस्तै चलिरहेको छ । गरिखान पाइएन, नेपाली श्रमशक्ति विदेशीन पऱ्यो भनेर जेनजी आन्दोलन भयो । आन्दोलनले नयाँ सत्ता स्थापित गरेकै छ । तथापि न रोजगारको सिर्जना हुनसक्यो, न युवाले रोजगारीका लागि विदेशीन छाडे । विदेश जानेको लर्को बढेको छ, विदेशबाट स्वदेश आएर सिकेको सिप र कमाएको सम्पत्ति लगानी गर्न कुनै युवा तैयार छ ।

अर्थात नेपाली जवानी र नेपालको पानी अर्काका लागि बगिरहेको छ ।

सरकारको तथ्याङ्क कागजमा हृदस्पर्दी छ । ९४२ मेगावाट थपिने, कुल स्थापित क्षमता ४,८०० मेगावाट पुग्ने; ६६ केभीभन्दा माथिका प्रसारण लाइनहरू ६,७४५ बाट ७,१४५ सर्किट-किलोमिटरमा विस्तार हुने; विद्युत् पहुँच ९७ प्रतिशतबाट ९७.५ प्रतिशतमा बढ्ने; प्रतिव्यक्ति खपत ४२० बाट ४७० किलोवाट-घण्टामा पुग्ने, आकर्षक सिंचाइ विस्तारको लक्ष्य, गजबकै छ सरकारी योजना । यथार्थ तीतो छ ।

सत्ता फेरियो, नीति फेरिएन । व्यक्ति फेरियो व्यवहार फेरिएन । सेवाग्राही सकसमै छन्, इन्धनको हाहाकार बढेकै छ । पासपोर्ट, नागरिकता, ससाना विषयका सिफारिस लिन समेत अनेक झण्झट झमेला रोकिएको छैन । यो पद्धतिको दोष हो भने फेर्नुपर्ने हो, दुई तिहाईको सरकार तीब्र आलोचनाको सिकार भएको छ । आलोचनालाई डेलिभरिबाट संवोधन गर्न बालेन सरकारले सकेको देखिदैन ।

हो, बिगतको ४ दशक भाषणमा बित्यो । अहिले भाषण, उद्घाटन, सलामी, भ्रमण केही पनि छैन । तर नतिजामुखी काम पनि हुनसकेको छैन । खोई सुकुम्वासी समस्या समाधान भएको ? भूमिहीन रोइरहेकै छन् । हिंसामा परेका, मिटरव्याज पीडित सहकारी र लघुवित्तमा ठगिएकाहरूले न्याय मागेको लामो समय भइसक्यो । सहाराविहीनहरूको सरकार छ भन्ने अनुभूति दिलाउन बालेन सरकार चुकेको छ । सरकारले चाह्योे भने राज्यस्रोत र शक्तिबाट सबै समस्या समाधान गर्न कुनै आइतवार कुरिरहनु पर्ने देखिदैन । जो ठग हुन्, तिनको सम्पत्तिबाट उठ्ती गर्न सक्थ्यो ।

विपक्षी जसलाई जनताले चुनवामै किनारा लगाइदिए, तिनीहरूको काम जसरी पनि रास्वप र बालेन सरकारलाई असफल पार्नु हो । राष्टांघाती, असक्षम देखाउनु हो, त्यो विपक्षीको अतिधर्म निभाइरहेका छन् । काग कराइरहेको छ, हात्ती लस्किरहेको छ तर हात्तीस्वरूपको बालेन सरकारले जनादेशको उचित प्रयोग गर्न सकेन ।

पानी र जवानी जसरी बगिरहेको छ, मतादेशको शक्ति पनि खेर गइरहेछ ।

राष्ट्रिय प्राथमिकताका योजनाहरूमा अनुगमन कम भयो । ती परियोजनाहरू कसरी छिटो सम्पन्न गर्ने भन्नेतिर राज्यको ध्यान जानुपर्थ्यो ।

खासगरी बालेन सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, उद्यम सञ्चालन, कुटनीतिमा परिवक्वता, दैनिक डेलिभरि कसरी दिने भन्ने सम्बन्धमा छुट्टाछुट्टै विज्ञ टोली बनाएर काम गर्न सक्थ्यो । त्यसरी काम गर्दा आज जुन तरिकाले बालेन सरकारको बिरोध र आलोचना भइरहेको छ, त्यसमा न्यूनता आउने थियो । एउटै विषयमा ३ महिनादेखि विपक्षीले प्रम बालेन साहको बिरोध गरेर र कालो चस्मा किन ? भनेर चिच्याइरहनुपर्ने थिएन । विपक्षी त्यसै पनि कमजोर छन्, उनीहरू कमजोर हुँदा रास्वपा अथवा प्रम बालेन साहले अहंकार देखाउन जरूरी छैन ।

प्रम बालेन साह संसदमा जानुपर्छ । उनको नियतमा राष्ट्रले शंका गरैकै छैन । ि वपक्षीले तीललाई पहाड बनाएका हुन् । त्यो पहाड बेकारको तर्क हो भनेर कमी कमजोरी प्रम बालेनले सच्याउँदा उनी सानो हुँदैनन्, उनको सत्ता हल्लिदा पनि हल्लिदैन । दुई तिहाईको सरकार भनेको ५ वर्षका लागि राजनीतिक स्थिरता, अराजकताको अन्त्य र जनताको अपेक्षा पूरा हुने विश्वास हो । यो जनताको विश्वासलाई प्रम बालेन र रास्वपाले आन्तरिक होमवर्क गरेर नयाँले पनि सुशासन कायम गराएर काम गर्न सक्छन् भनेर प्रमाणित गर्नुपर्छ । यसतिर ध्यान नपुगेको हो भने रास्वपाका सांसदहरूले पार्टी अध्यक्षलाई सुझाव दिंदा रास्वपा नै बलियो हुनेछ । हेक्का रहोस्, सरकारको असफलता राष्ट्रले हार्ने खतरा छ अहिले ।

पानी, विश्वको आवश्यकता हो । हिमाली देश नेपालमा पानी छ, पानीको सदुपयोग कसरी गर्न सकिन्छ भनेर राष्ट्रिय बहस, राष्ट्रिय नीति निर्माण र कार्यान्वयनमा राष्ट्रिय एकता जरूरी छ । पानी अर्थात पर्यटन पनि जोडिएको छ । नेपालको हिमाली, पहाडी सौन्दर्य र पानीलाई पर्यटनसँग, जलविद्यूत आयोजना, सिंचाई र पानी निर्यातसँग जोड्न सकियो भने नेपालको आर्थिक अवस्थामा ठूलो सुधार आउनेछ । नेपालको आत्मनिर्भरता र रोजगारीमा पनि बृद्धि हुनेछ ।

आजको समस्या भनेको झोलामा खोला हालेर हिड्ने दलाली प्रवृत्ति । खोलानालामा कब्जा जमाएर उत्पान नगर्ने, नेपाललाई अप्ठेरामो पार्ने स्वदेशी, विदेशी ठेकेदारहरूको ठग प्रवद्धि र कर्मचारीको मिलिभगत बढी जिम्मेवार छ । कर्मचारीतन्त्रमा सेवाभाव र निस्वार्थपन नल्याएसम्म सरकार सफल हुनसक्दैन । अहिले पनि मालपोत, भूमिसुधारजस्ता कार्यालयमा सेटिङ हुनेगरेको छ, घूस चलिरहेकै छ । सुशासनमा भ्रष्टाचार भनेको रक्तस्राव हो, जो निरन्तर चलिरहेकै छ ।

युवा श्रम र पानीका लागि माष्टर प्लान जरूरी छ । पानी र जवानी यसरी निरन्तर बगेर गइरहनु र देश परजीवी बन्दै जानु दुर्भाग्यजनक छ ।

श्रमको उपयोग गर्न सके, देशमै उद्यम, उत्पादन बढ्छ । जसले आत्मनिर्भरतालाई बढाउँछ । पानीको उपयोग नीतिलाई बल दिन सकियो भने जलविद्युत, रोजगारी, उत्पादन, औद्योगिकरणदेखि पर्यटनलाई समेत जोड्न सकिन्छ । किन संसदमा यसबारेमा कुरा उठ्दैन । ३ महिनादेखि विपक्षीले प्रम बालेनको आलोचना गरेर घोक्रो सुकाइरहेका छन् । उनीहरूलाई थाहा छ, ५ वर्षका लागि रास्वपालाई जनताले चुनेका छन् । ५ वर्ष रास्वपाको सरकारलाई चलाउनु, हल्लाउनु, असफल पार्नु भनेको आफूजस्तै असफल पार्न खोज्नु र देशलाई पछाडि धकेल्नु हो । विपक्षीले त सुल्लाह दिने, सुझाव दिने, सहयोग गरेर देशलाई कमजोर अवस्थाबाट माथि उठाउन होस्टेमा हैंसे गर्नुपर्ने थियो । जसरी पनि सत्तापक्षलाई अपमानित गर्नैपर्छ, यही नै प्रतिपक्षीको धर्म हो भन्ने ठान्ने मनोवृत्ति गलत छ ।

बिगत ४ दशको असफलताका लागि कांग्रेस, एमाले, माओवादी, नेकपा, मधेशवादी, राप्रपा कुनै पनि पार्टीलाई क्षमा गर्न सकिदैन । देशलाई धेरै कमजोर बनाउने यिनै हुन्, प्रशासनमा बिकृति बढाउने यिनै हुन् । कर्मचारीतन्त्रलाई भ्रष्टाचार गर्न उक्साउने यिनै थिए, नातावाद, कृपावाद, व्यभिचारवाद फैलाउने पनि यिनै थिए । यसकारण क्षमा दिन सकिदैन । बालेन साहले त्यो मार्ग पछ्याउनु भनेको सराप थाप्लोमा थाप्नु हो । सराम मोचनका लागि जनताले नयाँ पुस्ता रोजेको विषय ऐतिहासिक हो, विश्व चकित पार्ने जनताको च्वाइस हो । त्यसै अमेरिकी राष्ट्रपतिले नेपाली नेतालाई फ्रड भनेका होइनन्, त्यसै जनताले नयाँ पुस्ता रोजेको होइन ।

जनादेशको पुँजी र शक्तिले पूर्वाधार निर्माण गर्दै असाधारण प्रदर्शन निकाल्न सक्छ । वाई फङ लामको ऐतिहासिक अध्ययन यही भन्छ । यो समय स्वार्थी चरित्र फेर्ने समय हो । राजनीति भनेको समाज बदल्ने यन्त्र हो भन्ने बुझ्ने समय हो । समाज बदलियो भने देशको, जनताको मुहार, प्रशासनसंयन्त्र फेरिन सक्छ । राजनीतिले घर, समाज बिगाऱ्यो, देश बिगाऱ्यो । यो समय सच्याउने समय हो । प्रतिकूलतालाई अनुकूलतामा बदल्ने निदान नेपालको आवश्यकता हो । हल्का प्रचारको काम छैन, बढी प्रचार पनि जरूरी छ । प्रम बालेन इन्जिनियर हुन्, रास्वपामा राजनीतिदेखि अनेक खालका इन्जिनियरहरू छन्, तिनले देशको कायापलट गर्ने इन्जिनियरिङको सफलता देखाउनुपर्ने छ । समय र अवसर दुबै छ ।

*- डा.विनिता*